# भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली विषयको स्नातकोत्तर तह दोस्रो बर्षको दसौं पत्र (५१०-१) को

प्रयोजनका निमित्त प्रस्तुत

शोधपत्र

२०७०


शोधार्थी

अमृत ढकाल

त्रि.वि. दर्ता नं.: ९-२-४८-३४७७-२००५

रोल नं. : ८५/०६५

परीक्षा रोल नं. : ४८००६९/२०६७


भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन : अमृत ढकाल

नेपाली विभाग

त्रिभुवन विश्वविद्यालय

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

## नेपाली विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री अमृत ढकालले दशौं पत्र (५१०-१) को प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **"भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन"** शीर्षकको शोत्रपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| क.स | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | विभागीय प्रमुख | प्रा.डा रविलाल अधिकारी | ...................... |
| २. | विशेषज्ञ | प्रा.डा. सर्वराज आचार्य | ...................... |
| ३. | शोधनिर्देशक | उप.प्रा. नारायणप्रसाद न्यौपाने | ..................... |

७/५/२०१३ ई.सं.

(२०७०/०१/२४ वि.सं.)

# शोध निर्देशकको सिफारिस

प्रस्तुत **"भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन"** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह, द्वितीय वर्षका ८५/०६५ क्रमाङ्कका छात्र **श्री अमृत ढकाल**ले मेरा निर्देशनमा तयार पार्नुभएको हो । म यसको आवश्यक मूल्याङ्कनका लागि सम्बद्ध निकायमा सिफारिस गर्दछु ।

मिति : २०७०, बैशाख १६

उपप्रा. नारायणप्रसाद न्यौपाने
शोध निर्देशक
पृथ्वीनारायण क्याम्पस
नेपाली विभाग
पोखरा

# कृतज्ञताज्ञापन

प्रस्तुत "भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन" शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातकोत्तर तह द्वितीय बर्षको दशौं पत्रको परिपूर्तिका लागि तयार गरिएको हो । यो शोधपत्र तयार गरी यस रुपमा ल्याउने क्रममा ममा रहेका त्रुटिहरु औंल्याई आत्मीयतापूर्वक मेरो लेखाईको बामे सराइलाई ताते-ताते गराउँदै पुस्तकाकार कृति निर्माणमा उचित मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु नारायणप्रसाद न्यौपानेप्रति आत्मीयतः आभार प्रकट गर्दछु । शोधकार्यका लागि आवश्यक शोधप्रस्ताव स्वीकृति र निर्देशकसमेत चयन गरी मलाई हौसला एवं पूर्ण उत्साह थपिदिनुहुने पथ्वीनारायण क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रविलाल अधिकारीप्रति सहृदय आभार प्रकट गर्दछु । यसैगरी शोधकार्यका क्रममा आवश्यक जानकारी तथा कृति र आवश्यक समालोचनात्मक पत्रपत्रिका उपलब्ध गराउनुहुने लोकसाहित्यका संरक्षक एवं पृथ्वीनारायण क्याम्पसका सह-प्राध्यापक डा. कुसुमाकर न्यौपानेप्रति आभारी छु । शोध लेखनकै क्रममा अत्यन्त उपयोगी पुस्तक एवं पत्रपत्रिकाहरु उपलब्ध गराइदिने त्रि.वि. पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखराप्रति हार्दिक धन्यबाद अर्पण गर्दछु ।

यो शोधपत्र तयारीका क्रममा मप्रति स्नेही भाव टक्राउँदै आवश्यक सल्लाह र सुझाव दिई हरतरहले सहयोग गर्नुहुने गुरु डा. विष्णुप्रसाद पौडेल र श्रीधर न्यौपानेप्रति कृतज्ञता प्रकट नगरिरहन सक्दिन । यस्तै शोधकार्यका लागि विशेष सहयोग गर्नुहुने पूजनीय पिता प्रेमप्रसाद ढकाल एवम् ममतामयी माता पवित्रादेवी ढकालप्रति चीरऋणि छु । त्यस्तै लेखन भाषा शुद्धतामा सहयोग पुऱ्याउने मेरी जीवनसाथी सुधा ढकालप्रति पनि अटुट मायाको भाव व्यक्त गर्दछु । आफूसँग भएका सामग्री र जानकारी उपलब्ध गराई निरन्तर सहयोग गर्ने सहृदयी मित्र सञ्जीव पौडललाई पनि सम्झन चाहन्छु । साथै मेरा दिदीबहिनी गिता, अमृता, शारदा, विनिताप्रति पनि कृतज्ञता जाहेर गर्न चाहन्छु । यस्तै यस शोधकार्यको टङ्कन कार्यमा सहयोग गर्नुहुने सुगम कम्प्युटर सेवाका सञ्चालक भवानीप्रसाद पराजुलीप्रति धन्यबाद अर्पण गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि.पृथ्वीनारायण क्याम्पस नेपाली विभाग समक्ष पेश गर्दछु ।

मिति : २०७०-०१-१६

अमृत ढकाल

## यस शोधकार्यमा प्रयुक्त संक्षिप्त शब्दको पूर्णरूप

| | |
|---|---|
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| पृ.ना.क्या. | : पृथ्वीनारायण क्याम्पस |
| दो.सं. | : दोस्रो संस्करण |
| सं | : सम्पादक |
| ने.रा.प्र.प. | : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ते.सं | : तेस्रो संस्करण |
| पृ. | : पृष्ठ |
| सा.प्र. | : साझा प्रकाशन |

## चिह्नसूची

| चिह्न | | अर्थ |
|---|---|---|
| (    ) | - | गौण सङ्केत |
| : | - | निर्देशन चिह्न |
| – | - | प्रयोगमा भिन्नता नहुने |
| / | - | विकल्प रूप |
| = | - | बराबर |
| . | - | सङ्क्षेपीकृत चिह्न |
| - | - | समस्तपद सङ्केत |
| + | - | संयोजक वा जोड |

# बिषयसूची


**शीर्षक** **पृष्ठ**

**अध्याय - एक : शोध परिचय** **१-५**

१.१ विषय प्रवेश १

१.२ शोध शीर्षक १

१.३ शोध प्रयोजन २

१.४ शोधसमस्या २

१.५ शोधको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधको औचित्य ३

१.८ शोध र सीमा ४

१.९ शोधविधि ४

१.१० शोधपत्रको रुपरेखा ५

**अध्याय - दुई : महाकाव्यीय अभिलक्षणभित्र भानुरामायण र लोक रामायणको अध्ययन** **६-१४**

२.१ महाकाव्यको सैद्धान्तिक अध्ययन ६

२.२ महाकाव्य सम्बन्धी पूर्वीय मान्यता ७

२.३ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता ११

२.३.१ महाकाव्यीय परिधिमा भानु रामायण १३

२.३.२ महाकाव्यको कसीमा कुसुमाकर न्यौपानेद्वारा संकलित 'लोक रामायण' १४

**अध्याय - तीन : भानुरामायण र लोकरामायणको परिचय** **१५-१६**

३.१ भानुरामायणको परिचय १५

३.२ लोकरामायणको परिचय १६

**अध्याय - चार : भानुरामायण र लोकरामायणको तुलना** **१८-५५**

४.१. परिवेशगत तुलना १८

४.१.१ भानु रामायणको परिवेश १८

४.१.२ लोकरामायणको परिवेश १९

४.२ पात्रगत तुलना ३०

४.२.१ भानुरामायणका पात्र ३०

४.२.२ लोकरामायणका पात्र ३१

४.३ भानुरामायण र लोकरामायणको छन्दगत तुलना ३९

४.३.१ भानुरामायणको लय तथा छन्द ३९

४.३.२ लोकरामायणको लय तथा छन्द ५०

४.४ भानुरामायण र लोकरामायणको शैलीगत तुलना ५२

४.४.१ भानु रामायणमा शैली ५२

४.४.२ लोक रामायणमा शैली ५५

**अध्याय - पाँच : उपसंहार तथा निष्कर्ष** **५७-६१**

**सन्दर्भग्रन्थ सूची**

# अध्याय-एक
# शोध परिचय

## १.१ विषय प्रवेश

त्रेतायुगका मर्यादा पुरुषोत्तम श्रीरामको जीवनका आरोह अवरोह, हाँसो खुशी एवम् विजय पराजयका कथालाई कवितात्मक लय प्रदान गरी जनजिब्रोमा बाँच्दै आएको गाथाको अर्को काव्यात्मक नाम हो 'लोकरामायण' । ठीक यसैगरी भानुभक्तकृत सोही गाथा जो भानुभक्तीय भाषिक संरचना र लयात्मक पद्धतिको आधारमा जनजिब्रोमा रहेको छ, त्यो हो 'भानुरामायण' । रामायण आखिर रामायण नै हो । रामायणभित्र अयोध्या छ, जनकपुर छ, लङ्का छ, ऋषिआश्रमको सेरोफेरो छ । उही रामायण जहाँ राम छन्, सीता छन्, लक्ष्मण, रावण, दशरथ, जनक आदि छन् । राक्षस छन्, मानव छन्, देव छन्, अन्य जनावर छन् । समुद्रको विराटता छ, जङ्गलको भयानकता छ, मेलमिलाप छ, शान्ति छ, मित्रता छ अनि छ शत्रुता पनि । महाकाव्यात्मक स्वरूपको भानुरामायणले ओगटेको विस्तृतिका सापेक्षमा लोकको श्रवणेन्द्रियका जगमा टेकेर जीवित लोकरामायणको विस्तृति केही सङ्कुचित हुनु अस्वाभाविक होइन । फेरि पनि काव्य तिलको आकारले पहाड पस्कने विधाविशेष हो, भाषाको । अतः यी दुवैको सिङ्गो त्रेतायुगका सभ्यताको उजागार गर्दै उक्त सभ्यता प्राप्तिका क्रममा नाश भएका कुसंस्कारको वर्णन गरेका छन् । साथै यस महान् अभियानका महानायकका रूपमा मानवरूपी भगवान श्रीरामको महिमा गाइएको छ । सोही महिमाको नाम हो, रामायण । उक्त गायन प्रक्रिया फरक हुनु स्वाभाविक हुन आउँछ । भानुभक्त आफ्नै लयमा विविध छन्दको सहारा लिएर उभिन्छन् त लोक स्वच्छन्द मौलिक लयको उपस्थापन गर्दै रामायण रचना गर्छ र गलागलामा यसका श्लोकलाई ध्वनि प्रदान गर्छ । यही फरक शैली जसमा तात्विक शैलीजन्य पृथकता देखिन्छ साथै सो पृथकताले समेटेका पात्रीय, परिवेशगत विभिन्नतामा रहेका अन्तर केलाउनु नै यस शोधको बिषय हो ।

## १.२ शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक 'भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन' रहेको छ ।

## १.३ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली बिषयको दोस्रो बर्ष दसौं पत्र (५१०-१) को प्रयोजनको लागि यो शोधकार्य प्रस्तुत गरिएको हो ।

## १.४ शोधसमस्या

प्रस्तुत शोधकार्यका लागि निम्नलिखित समस्या रहेका छन् :

क) रामायणको परिचय के हो ?

ख) भानुरामायण के हो ?

ग) लोकरामायण के हो ?

घ) भानुरामायण र लोकरामायणमा के मिल्छ के मिल्दैन ?

## १.५ शोधको उद्देश्य

यस शोधका उद्देश्यहरू निम्न लिखित छन् :

क) भानुरामायणको परिचय दिनु

ख) कुसुमाकरद्वारा सङ्कलित लोकरामायणको परिचय दिनु

ग) भानुरामायण र कुसुमाकरद्वारा सङ्कलित लोकरामायणको तुलना गर्नु

## १.६ पूर्वकार्यको समीक्षा

भानुरामायणभन्दा लोकरामायण पक्कै पनि पहिल्यै सिर्जित हुनुपर्छ । यद्यपि लोकरामायणको लिपिबद्ध स्वरूप निकै पछिमात्र पाइएको छ । भानुभक्तले लेखेको भानुरामायण र कुसुमाकर न्यौपानेले सङ्कलन गरी लिपिबद्ध पारेको लोकरामायणका छुट्टाछुट्टै विश्लेषण भएका छन् । भानुरामायणका शिल्पविधान, संरचनापक्ष, भाषिक बिशेषता आदिका आधारमा धेरैपटक अध्ययन एवम् विश्लेषण भएका छन् । भानुरामायणको तुलना अध्यात्मरामायण तथा वाल्मीकिरामायणका सापेक्षमा राखेर पनि गरिएको पाइन्छ ।

बाबुराम आचार्यले 'तुलनात्मक सुन्दरकाण्ड' पुस्तक प्रकाशन गरी भानुरामायणका सात काण्डमध्ये सुन्दरकाण्डको रघुनाथद्वारा लिखित सुन्दरकाण्डसँग तुलना गरेका छन् । यी दुबै कविले सुन्दरकाण्ड आफैं लेखेको नभई संस्कृतको भावानुवाद मात्र

गरेको हुनाले यसमा अनुवाद क्षमतामा मात्र केन्द्रित भई तुलना गरेका छन् । यद्यपि भानु रामायण पूराका पूरा भावानुवाद नभएर भानुभक्तीय मौलिकता पनि केही मिसिएको कृति हो भलै उक्त मौलिकता मजबुद बनेर देखिएको नहोओस् । भाषिक र सांस्कृतिक रूपमा भानुले मौलिकता दिन नसकेको भए भानुरामायण यति धेरै जनमानसको जनजिब्रोमा बस्न सक्ने थिएन ।

यता कुसुमाकरद्वारा संकलित लोकरामायणका बिषयमा डा. लक्ष्मणप्रसाद गौतमले हेटौडाबाट प्रकाशित 'मातृभूमि' पत्रिकाको पृष्ठ ६५ मा 'लोकसाहित्यको अनुपम कृति' शीर्षात्मक लेखमा लोकरामायण नेपाली लोकसाहित्यको अनुपम कृति भएको कुरा व्यक्त गरेका छन् ।

काठमाडौंमा रहेको नेपाल राष्ट्र बैंकबाट नियमित प्रकाशित हुने 'मिर्मिरे' पत्रिकाको ? अङ्कमा पूर्णप्रसाद अधिकारीले 'नेपाली लोक साहित्यको सुन्दर कृति' शीर्षक दिएर लोकरामायणलाई उदाहरणीय कृतिको रूपमा समीक्षात्मक टिप्पणी गरेका छन् ।

यी केही अध्ययन छुट्टाछुट्टै गरिएका छन् । भानुरामाणका बिषयमा त थुप्रै समीक्षात्मक लेख प्रकाशित भएका छन् । तैपनि प्रस्तावित शोधपत्रको उद्देश्य अनुरूपको तुलनात्मक अध्ययन चाहिँ कहीँ कसैबाट भएको पाइएको छैन । अतः यस बिषयलाई अध्ययनको केन्द्र बनाई प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.७ शोधको औचित्य

भाषिक लिपि नबन्दै श्रुतिशृङ्खलाका आधारमा पुस्तान्तरण हुँदै बाँचेको रामायण लोकरामायण हो । लोकले रामको महिमागानको कथालाई आत्मसाथ गर्दै, जीवनयापनको एक अङ्ग बनाउँदै जीवन्त तुल्याउने काम गरेको छ, लोकरामायणमा । ठीक त्यसैगरी विविध परिवेश निर्माण गर्दै छन्दानुकूल महाकाव्यात्मक विराट् परिधिमा समेटिएको भानुरामायण पनि रामकै सेरोफेरोको विस्तृत एवम् कलात्मक प्रस्तुति हो । मुख्य सार एउटै भए पनि यसको प्रस्तुतिका आधार फरक छन् दुबैथरि लोकप्रियता सँगालेका कृतिका प्रस्तुतिका बीचमा थुप्रै समता र बिषमता पनि छन् । ती समानता र असमानताका बीच तुलनात्मक अध्ययन भएको छैन । छुट्टाछुट्टै विश्लेषण गरिएको छ । भानुरामायको वाल्मीकिरामायणसँग विविध कोणबाट तुलनात्मक अध्ययन भएको छ । तर पछिमात्र लिपिबद्ध भएको लोकरामायणको प्रकृतिसँग भानुरामायणको प्रकृतिको के कति अन्तर छ र

के कति समायान्तर छ, त्यसको कुनै अध्ययन नभएको आजको परिवेशमा सोको तुलना गरी अध्ययन र विश्लेषण गरिने शोधकार्य स्वतः रूपमा औचित्यपूर्ण देखिएको छ ।

## १.८ शोध र सीमा

भानुभक्तद्वारा रचित महाकाव्यस्वरूप समेटेको रामायण र लोकको जिब्रोमा पटकपटक छानिएर बाँकी रहेको लोकरामायण बीचमा तुलनात्मक अध्ययन गरिनेछ । यस क्रममा लोकरामायण नसमेटिएको हुन सक्ने कृति जसलाई कुसुमाकर न्यौपानेले लिपिबद्ध गरेका छन् । यसका आधारमा नै यो शोधकार्य सम्पन्न हुनेछ । यी दुई पुस्तकाकार कृतिका बैशिष्ट्य र अपूर्णता यस शोधकार्यका बैशिष्ट्य र अपूर्णता हुनेछन् । साथै यी दुबैमा निहित सबै पक्ष यस सानो शोधकार्यमा असम्भव प्रायः छ । अतः महाकाव्यात्मक नमुना रामायणको भानुभक्तीय संस्करण र लोकरामायणको कुसुमाकरद्वारा सङ्कलित लोकरामायणका बीचमा तुलना गर्दा परिवेशगत तुलना, पात्रगत तुलना, लय तथा छन्दगत तुलना र शैलीगत तुलना बाहेक अन्य कोणको तुलना नगरिनु यस शोधकार्यको क्षेत्र सीमा रहेको छ । साथै लोकरामायणको सङ्कलनलाई कुसुमाकरद्वारा सङ्कलित कृतिलाई नै शतप्रतिशत आधार बनाइएको छ । यो शोध भानुरामायण र लोकरामायणका निम्न तुलनामा मात्र सिमित छ ।

क) कथानकमा सिमित छ ।

ख) पात्रगतमा सिमित छ ।

ग) लय वा छन्दगतमा सिमित छ ।

घ) शैलीगतमा सिमित छ ।

## १.९ शोधविधि

शैली, छन्द, लय, पात्रचयन, परिवेशको प्रस्तुति एउटा काव्यात्मक कृतिमा कस्तो हुनुपर्छ भनेर काव्यिक ग्रन्थमा उल्लेख भएको छ । अतः ती सैद्धान्तिक प्रक्रियाअनुसार यी दुई कृति कत्तिको सबल र दुर्बल छन् भनी तुलना गरिएकाले यस शोधकार्यको विधि निगमनात्मक नै हो । दुबै पुस्तकाकार कृतिका बैशिष्ट्य र सीमाका बीचमा तुलनात्मक अध्ययन गरिएको हुनाले प्रमुख सामग्री उल्लिखित पुस्तक नै हुन् । तसर्थ यसको विधि पनि पुस्तकालय विधि नै प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधकार्यलाई व्यवस्थित प्रस्तुतीकरणमा राख्न तल उल्लिखित अध्याय र मूल शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ ।

अध्याय एक : शोधपरिचय

अध्याइ दुई : महाकाव्यीय अभिलक्षण भित्र भानुरामायण र लोकरामायणको अध्ययन

अध्याय तीन : भानुरामायण र लोकरामायणको परिचय

अध्याय चार : भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन

अध्याय पाँच : उपसंहार तथा निष्कर्ष

# अध्याय-दुई

# महाकाव्यीय अभिलक्षणभित्र भानुरामायण र लोक रामायणको अध्ययन

## २.१ महाकाव्यको सैद्धान्तिक अध्ययन

साहित्यका विभिन्न आयामहरू मध्ये काव्य विधामा खण्डकाव्य, महाकाव्य र गीतिकाव्य पर्दछन् । पद्यमा रचना गरिएको वृहत आकारमा आख्यानात्मक भावहरूलाई समेटेर महाकाव्यको रचना गरिएको हुन्छ । महाकाव्य शब्द महत् + काव्य गरी दुई शब्द मिलेर बनेको हुन्छ । महत्को अर्थ महान वा ठूलो भन्ने हुन्छ भने काव्य भन्नाले पद्यमा रचना गरिएको कविता विशेष भन्ने बुझिन्छ । महाकाव्य लेखन परम्पराको इतिहासलाई हेर्दा पूर्वमा बाल्मीकिले लेखेको रामायण, व्यासले लेखेको महाभारत र पश्चिममा होमरद्वारा लेखिएको इलियड र ओडिसी महाकाव्य पर्दछन् । यिनै पूर्वीय र पश्चिमा महाकाव्य नै महाकाव्यका उपजीव्य ग्रन्थ मानिएका छन् ।

पश्चिमा साहित्य इतिहासमा होमरद्वारा लेखिएका सुप्रसिद्ध कृति इलियड र ओडिसीलाई आधार बनाएर विभिन्न भाषामा विभिन्न प्रकारका कृतिहरू रचना गरिएको पाइन्छ भने पूर्वीय साहित्यमा पनि महाभारत र रामायणलाई आधार बनाएर विभिन्न साहित्यिक कृतिहरूको रचना गरिएको छ । यसै सन्दर्भमा नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले आध्यात्म रामायणलाई आधार बनाएर सो कृतिको भावानुवाद गरे र युवाकवि मोतिराम भट्टले भानुभक्तद्वारा लेखिएका विभिन्न कृतिहरूको खोज, अध्ययन, अनुसन्धान गरेर भानुभक्त आचार्यको जीवनी लेख्ने क्रममा भानुभक्त आचार्यलाई नेपाली साहित्यका आदिकविको पगरी गुथाइदिए अनि भानुभक्त आचार्यलाई सम्पूर्ण नेपालीजनमा चम्काइदिने काम गरे । भानुभक्त आचार्यद्वारा लेखिएको सोही मौलिक कृति रामायण र नेपाली लोक साहित्यको जर्गेना गर्ने मूल ध्येय बोकेर आफूलाई लोक सहित्यको उत्थानमा समर्पण गरेका डा. कशुमाकरद्वारा प्रकाशित लोक रामायण महाकाव्यीय अभिलक्षण भित्र पर्छन् वा पर्दैनन् सो को प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।

नेपाली सहित्यको इतिहासमा महाकाव्य लेखनको प्रयास वा सफलताको चिनारी महाकवि लक्ष्मीप्रसाद देवकोटामा आइपुगेर औपचारिकता प्रदान भएपनि त्यसपूर्व महाकाव्य लेखनका प्रयास भने नभएका होइनन् । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यले संस्कृत भाषामा लेखिएको अध्यात्म रामायणलाई नेपालीमा भावानुवाद गरेर नेपाली

साहित्यमा नेपाली मौलिक कृति रामायण दिए, त्यो नै महाकाव्यीय लेखनका दृष्टिले महाकाव्यको रूप प्राप्त गर्न सफल भएको मान्न सन्छि । नेपालीजनमा आध्यात्मिकताको भाव सिर्जाउनका लागि रामभक्तिधारा अन्तर्गत भगवान राम र सीताको कथालाई आधार मानेर लखिएको महाकाव्यको स्वरूप हो 'भानुरामायण' त्यस्तै नेपाली लोक जीवनमा प्रचलित लोप हुन थालेका लोक संस्कृतिको रक्षा गर्ने सन्दर्भमा डा. कुसुमाकर न्यौपानेले संकलन गरेको लोकको श्रवणेन्द्रीयको जगमा रहेको श्रुतिमाधुर्यगत लोक सस्कृति हो लोक रामायण । नेपाली साहित्यको इतिहासमा प्राथमिककालमा आदिकवि भानुभक्त आचार्यद्वारा अनुवादित कृति भानु रामायण र नेपाली साहित्यको आधुनिक कालमा लोकको जनजीब्रोमा रहेको नेपालीको अमूल्य नीधिको रूपमा रहेको लोप हुन लागेको कृति हो लोक रामायण ।

महाकाव्यीय अभिलक्षणभित्र आदिकवि भानुभक्त आचार्यद्वारा प्रस्तुत गरिएको 'भानुरामायण' र डा. कुसुमाकर न्यौपानेकृत लोक रामायण कति सफल छन् वा छैनन भन्ने पुष्टि गर्नका लागि महाकाव्यगत सिद्धान्तहरू पूर्वीय वा पाश्चात्य विद्धानका मतबाट नै जग जाहेर हुने देखिन्छ ।

## २.२ महाकाव्य सम्बन्धी पूर्वीय मान्यता

जव साहित्य सिर्जनाको बलियो परम्परा बन्छ तबमात्रै विधाचिन्तनको सुरुवात हुने गर्छ । पूर्वीय साहित्य सिद्धान्तमा पनि महाकाव्य चिन्तन तथा सिद्धान्तको व्याख्या हुनुभन्दा पहिला ऋग्वेद, अथर्ववेद, उपनिषद, आदिले साहित्य सम्वन्धि आ-आफ्नो धारणा व्यक्त गर्दै आए पनि अग्निपुराणमा आइपुग्दा सिङ्गो काव्यको परिचय भइसकेको पाइन्छ । पूर्वीय साहित्यमा महाकाव्य विधाका पहिला चिन्तक आचार्य भामहले विद्या चिन्तनको क्षेत्रमा पाइला चालेर विधागत वर्गीकरणको आरम्भ गरे पश्चात् भामहका समवर्ती र उत्तरवर्तीहरूले विस्तृत व्यापक मौलिकता समेत प्रदान गर्दै पूर्वीय साहित्यमा महाकाव्य सिद्धान्तको प्रतिपादन भएको पाइन्छ । संस्कृत साहित्यमा भरतमुनिपछि सबभन्दा महान चिन्तक, साहित्यको रूपपक्षप्रति सजग आचार्यका रूपमा देखा पर्ने भामह मूलत अलङ्कारवादी हुन् र उनको चर्चित ग्रन्थ "काव्यालङ्कार" नै हो । अलङ्कारनै काव्यको आत्मा हो भन्ने भामह अलङ्कृत बिनाको अभिव्यक्ति कुराकानी जस्तै हुन्छ भन्ने ठान्छन् (गैरे, २०६०, पृ. ३६ ।)

भामहका अनुसार महाकाव्य भनेको

सर्गबन्धो महाकाव्यं महतां च महच्चयत् ।

अग्राम्य शब्दमर्थ च सालङ्कारं सदाश्रयम् ॥

मन्त्रदूत प्रयाणादि नायकाभ्युदयंचयन् ।

पञ्चभिः सन्धिभिर्युक्तं नाति व्याख्येय, ऋद्धिमत् ॥

अर्थात् "लामो कथानक नभएको महान चरित्रमा आधारित नाटकीय पञ्चसन्धि समन्वित, उत्कृष्ट एवम् अलङ्कृत शैलीमा रचित तथा जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध र सुखान्त काव्य नै महाकाव्य हो ।"(भामह, २०३८, पृ. १ः १९ - २१ ।)

त्यस्तै महाकाव्यका लक्षणहरू चिनाउने सन्दर्भमा दण्डीको परिभाषाअनुसार :

सर्गबन्धो महाकाव्यमुच्यते तस्य लक्षणम् ।

आशीर्नमस्क्रिया बस्तुदिर्नेशं वापि तन्मुखम् ॥

इतिहास कथोद्भूतमितरद्धा सदाश्रयम् ।

चतुर्वर्ग फलोपेतं चतुरोदात्तनायकम् ॥

नगरार्णव शैलर्तु चन्द्रार्कोदयवर्णनै : ।

उघान सलिल क्रिडा मधुपानरतोत्सवै : ।

विप्रलम्भैर्विवाहैश्च कुमारोदय वर्णनै : ।

मन्त्रदूत प्रयाणादि नायकाभ्युदयै रपि ॥

अलङ्कृत च संक्षिप्तं रसभाव निरन्तरम् ।

सर्गैरवति विस्तृर्णै : श्रव्यवृर्तैः सुसन्धिभि ॥

सर्वत्र भिन्नवृतान्तै रूपेत लोकरञ्जनम् ।

काव्यं कल्पान्तर स्थायी जायते सदलंकृति ॥( दण्डी, २०४८, श्लोक -१ : १४ -१९)

दण्डीले महाकाव्यमा कथावस्तु, नायक रस, चतुर्वर्गमा एउटाको प्राप्ति, प्राकृतिकवर्णन, अलङ्कारको प्रयोग, छन्दयोजना र सर्गवद्धता हुनुपर्दछ भनेका छन् । कथावस्तुको आधारको रूपमा ऐतिहासिक र सदाश्रित हुनुपर्छ भन्ने दण्डीको भनाई छ । गठनको सन्दर्भमा नाटकीय सन्धिले युक्त भएको श्रृङ्खलाबद्य कथावस्तुको पक्षमा उनले आफ्नो विचार व्यक्त गरेका छन् । महाकाव्यको प्रारम्भ मङ्गलाचरण अन्तर्गत आशीर्वादात्मक, नमस्कारात्मक र वस्तु निर्देशात्मक हुनुपर्छ भन्ने दण्डीको भनाइ पाइन्छ । उदात्त गुणले युक्त नायकको कल्पना पनि दण्डीले गरेका छन् । सर्गवद्धताको क्रममा सर्ग ज्यादै ठूलो हुनुहुँदैन

भन्दै महाकाव्यमा विप्रलम्भ श्रृङ्गारलाई महत्व दिएका छन् । धर्म, अर्थ, काम र मोक्ष मध्ये एउटाको प्रतिपादन गरी उद्देश्य पूरा गरिनुपर्छ भन्ने दण्डीले छन्द प्रयोग र सर्गान्तमा छन्द परिवर्तनको आवश्यकता भएकोमा जोड दिएका छन् । उनको कथनअनुसार प्रकृति वर्णन अन्तर्गत विभिन्न ऋतु, पर्वत, नगर, समुन्द्र, वगैचा, जलविहार, उत्सव, चन्द्रोदय,सूर्योदय आदिको वर्णन हुनुपर्छ (थापा, २०४८ पृ. ४५ ।

दण्डीका अनुसार भनी बुनू लामिछानेले उनको परिभाषालाई यसरी देखाएकी छन् । "महाकाव्य आशीर्वाद, नमस्कृया वा वस्तुनिर्देशमध्ये कुनै एकबाट थालिएको हुनुपर्छ । सर्गवर्ध र इतिहास प्रसिद्ध कथानक भएको, सदाश्रयी, चतुवर्गफल प्राप्ति चतुर एवम् उदात्त किसिमको कथानक हुनुपर्छ । नगर, शैल, सागर, चन्द्रोदय तथा रतोत्सव आदि वर्णन गरिएको हुनुपर्छ । त्यस्तै मन्त्र दूतप्रयाणदि र नायकको उदयको वर्णन भएको अलङ्कृत, सङ्क्षिप्त रस निरन्तरतायुक्त, सन्तुलित सर्गयुक्त, पञ्चसन्धिसमन्वित एवम् लोकरञ्जक कथानक भएको कल्यान्तर स्थायी हुन्छ (लामिछाने, पूर्ववत, पृ. २ ।)

दण्डीपछि आचार्य रुद्रटले महाकाव्यलाई चित्रण गर्ने सन्दर्भमा "महाकाव्यमा कथानक कल्पित वा अलल्पित जनुसुकै भए पनि हुन्छ । यस कथानकभित्र अवान्तर कथाहरू पनि समाविष्ट हुन सक्छन् । यसले युग र जीवनको विविध चित्रण गर्दछ । नायक सर्वगुण सम्पन्न द्विजकुलोत्पन्न र शक्तिमान हुनुका साथै युद्धमा विजयसमेत हासील गर्न सक्ने खालको हुन्छ (लामिछाने, पूर्ववत, पृ. ३ ।) रुद्रटले 'काव्यलाङ्कार' मा आफ्नो सैद्धान्तिक मान्यता यसरी प्रस्तुत गरेका छन् ।

सन्ति द्विवा : प्रबन्धा, काव्यकथाख्यायिकादय : काव्ये ।
उत्पाद्यानुत्पाद्या महल्लघुत्वेन भूयो ऽपि ॥
तत्रोत्पाद्या येषां शरीरमुत्धादयेत्कवि : सकलम् ।
कल्पितयुक्तोत्पत्ति नायकमपि कुत्रचित्कुर्यात् । ।
पञ्चरमितिहासादि प्रसिद्धञ्जखिलं तदेकदेशं वा
परिपूरयेत्स्ववचा यत्रकषिस्ते त्वनुत्पाद्या : ॥
नत्र महान्तो येषु च विततेएवमिधीयते चतुर्वर्ग :
सर्वेरसा : क्रियन्ते काव्य स्थानानि सर्वराणि ॥
ते तधवो विज्ञेया येष्वन्यतमो भवेच्चतुर्ववर्गात्
असमग्रनेकरसा ये च समग्रैकरसयुक्ता : ॥

तत्रोत्पाद्ये पूर्वसन्नगरिवर्णनं महाकाव्य ।

कुर्वित तदनु तस्यां नायक वंश प्रशंसा च (रुद्रट, २०३२ पृ.२ ।)

त्यस्तै चौधौं शताब्दीका आचार्य विश्वनाथले आफ्नो साहित्य दर्पणमा महाकाव्यसम्वन्धी विस्तुत परिभाषा दिएका छन् । जसअनुसार महाकाव्य भन्नाले - “महाकाव्य सर्गबद्ध हुन्छ र त्यसको नायक शूर, सद्वंशी, क्षत्रीय, एकै वंशको वा एटै वंशका धेरै पनि हुन सक्छन् । श्रृङ्गार, वीर र शान्तमध्ये कुनै एक अङ्गी र अन्य अङ्गरस हुनुपर्दछ । कथानक नाटकीय पञ्चसन्धिसमन्वित हुनुपर्दछ । इतिहास प्रसिद्ध र सज्जनाश्रित हुनुपर्दछ । सुरुमा वस्तुनिर्देशन नमस्कृया वा आशीर्वाद रहनुपर्दछ । सज्जनको गुणगान र दुर्जनको निन्दा गरिएको हुनुपर्दछ । न धेरै लामा न धेरै छोटा र कम्तीमा आठवटा सर्गहरू हुनुपर्दछ । सर्गान्तमा भावी सर्गको सूचना हुनुपर्दछ । सम्पूर्ण काल चक्र (सन्ध्या प्रभात, इन्दु, रजनी, ध्वान्त, मध्यान्ह आदि) सम्पूर्ण ऋतुचक्र, स्वर्गदेखि धरतीसम्मको र धरतीदेखि स्वर्गसम्मको सम्पूर्ण परिवेशको वर्णन गरिनुपर्दछ । सम्भोग, विप्रलम्भ, पुत्रोत्पत्ति आदिको वर्णन हुनुपर्छ । रणप्रयास एवम. सत् विजय देखाइनुपर्छ । नायक, कथानक वा कविका नामबाट काव्यको नामाकरण गरिनुपर्दछ । विविध छन्दको प्रयोग गरिनाका साथै सर्गान्तमा छन्द बदल्नुपर्दछ (विश्वनाथ, ई. १९६३, पृ. ५४९ ।)

महाकाव्य सम्वन्धी भारतीय तथा नेपाली विद्वानका धारणाहरू :

**क. डा. नागेन्द्र**

“उदात्त कथानकयुक्त, उदात्त नायकयुक्त, उदात्त उद्देश्ययुक्त र उदात्त भाव एवं शैलीयुक्त छन्दोवद्ध वर्ण्य काव्यग्रन्थ नै महाकाव्य हो (नगेन्द्र ई. १९८१, पृ. १२७ ।)

**ख. डा. भागीरथ मिश्र**

“महाकविको कल्पना संयम तर प्रबल हुन्छ, ऊ भित्र नवनिर्माणको चेतनाका साथै हरेक वस्तुका विशेषताहरू अत्यन्तै सूक्ष्म रूपमा निरीक्षण गर्न सक्ने क्षमता रहन्छ । महाकवि भित्र रहेको शब्दावलीको जादूले गर्दा महाकवि र अन्य कविका वीचमा भिन्नता पाइन्छ । अतः महाकाव्य आफ्नो महत्तामा अक्षुण्ण रहन्छ (मिश्र, २०४७, पृ. ? ।)

**ग. महाकवि देवकोटा**

“....................तर छ साधारण सामाजिक औपन्यासिक सामग्री र युक्तिको कल्पनाद्वारा रचना गरिएको कविता उपन्यास जसलाई महाकाव्य भन्ने समभ्कको उपाधि सायद उपाधि नै हुनेगरी दिइएको छ (देवकोटा, २०४६, पृ. ५५ ।)

**घ. बालकृष्ण सम**

"संलग्न रूपले लेखिएका धेरै कविताहरूको सङ्ग्रह नै महाकाव्य हो ।" (सम, २०१५, पृ. ? ।)

**ङ. डा. वासुदेव त्रिपाठी**

"महाकाव्य कविता विधाको सबभन्दा विशाल त्यस्तो बृहत् तथा बृहत्तर उपविधागत भेद हो जसमा साँगीतिक भावप्रवाहका रूपमा कविताको प्रधान्य रहने गरी आख्यानका माध्यमबाट समग्र जीवन जगतको विस्तृत कथन प्राय : सर्गबद्ध बृहत भाषिक सूचनाद्वारा गरिन्छ । महाकाव्यको रचनामा विपुल लयप्रवाह र विशाल भावराशि तथा समग्र जीव्न जगत्को आख्यानीकरण र वृहत् भाषिक संरचनाका मुख्य चार पक्षका रूपमा रही यिनले कवित्वको विस्तृति र व्याप्तिका साथै घनत्वलाई अभिव्यक्त गर्दछन् (त्रिपाठी, र (अन्य) २०४६, पृ. ११२ ।)

यसैगरी अर्को ठाउँमा त्रिपाठी भन्दछन् :

"वस्तुत सामयिक सामाजिक धरातलमा टेकेर मानसिक भावात्मक र बैचारिक चिन्तनात्मक स्तरमा महत्तम कविता छविद्वारा जीवनको विस्तृत- व्यापक अझ विराट् अभिव्यञ्जना गर्नु नै मेरो दृष्टिमा महाकाव्य हो ( त्रिपाठी, २०४६, पृ. ११२ ।)

**च. नेपाली वृहत शब्दकोश अनुसार :**

"काव्यशास्त्र अनुसार कथासूत्रमा आवद्ध प्रख्यात विषयवस्तुमा आधारित सर्वबद्ध तथा रसयुक्त ठूलो गहन काव्य" (आचार्य, २०६५, पृ. ५४ ।)
भनेर परिभाषित गरिएको छ ।

## २.३ महाकाव्य सम्बन्धी पाश्चात्य मान्यता

पाश्चात्य साहित्यका क्षेत्रमा प्राचीन कालदेखि आधुनिक एवं उत्तर आधुनिक कालसम्म आइपुग्दा विभिन्न विद्वानहरूले महाकाव्य सम्वन्धि आ-आफ्नै धारणा व्यक्त गरेका छन् । प्राचीन युनानी चिन्तक अरिष्टोटल पाश्चात्य महाकाव्य सम्वन्धि चिन्तन गर्ने प्रथम प्रतिभा मानिन्छन् । अरस्तुले महाकाव्यकै निम्ति छुट्टै चिन्तन नगरे पनि ट्रेजेडीको चर्चाका क्रममा आफ्नो ग्रन्थ 'काव्यशास्त्र' (पेरिपोइतिकेस) का अध्याय २२, २३ र २४ मा ट्रेजेडी र महाकाव्यकावीच तुलना गरेका छन् । यसै सन्दर्भमा उनी भन्छन् -"महाकाव्य आफ्ना सीमा माथि विस्तार गर्ने विशिष्ट क्षमता हुन्छ । जहाँ सम्म यस्तो काव्य कृतिको

प्रश्न छ, जसको रूप आख्यानात्मक तथा छन्द एउटा मात्र प्रयोग भएको हुन्छ कथानकको विकास आदि, मध्य र अन्त्य भएको एक पूर्व घटनाको उल्लेख हुनुपर्छ र यसले एउटा जीवन्त प्राणीले जस्तै आनन्द प्रदान गर्दछ ।" (चतुर्वेदी (अनुवादक), १९८१, पृ.४६ ।)

त्यसैगरी पाश्चात्य साहित्य सिद्धान्तमा देखा परेका अर्का काव्य चिन्तक एम्बर क्राम्बेले महाकाव्यलाई साहित्यिक र ऐतिहासिक हाँगाहरूमा विभाजन गर्दै महाकाव्यको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । आलङ्कारिक रूपमा मनोरञ्जक पाराले लखिएको महाकाव्यलाई साहित्यिक र ऐतिहासिक पाराले कथानकमा समयानुरूप लिएको महाकाव्यलाई ऐतिहासिक महाकाव्य भनी उल्लेख गरेका छन् । (क्रम्बे,१९८१, पृ.४६ । )

त्यसैगरी अर्का चिन्तक आई.टी. मेयर्सका अनुसार "महाकाव्यको नायक उच्च एवम् उदात्त गुणयुक्त र सद्भावले पूर्ण हुनुपर्छ ।" (मेयर्स, १९२८, पृ. १९ ।)

सी. एम् बाबराका विचारमा "त्यो वृहताकार कथात्मक काव्य महाकाव्य हो जसमा महतवपूर्ण र गरिमामय घटनाहरूको वर्णन हुन्छ तथा जसमा केही पात्रहरूको क्रियाशील एवम् भयङ्कर कार्यले भरिएको जीवन कथा हुन्छ । त्यो पढ्दा हामीलाई घटना र पात्रहरूले हाम्रो हृदयमा मानवीय उपलब्धिहरू तथा गौरव र महत्वप्रति दृढ आस्था उत्पन्न गरिदिन्छ ।" (बाबरा, १९४५, पृ. १६ ।)

त्यसैगरी पाश्चात्य विद्वान स्टिनवर्गले सम्पादन गरेको विश्वकोशमा महाकाव्यलाई यसरी व्याख्या गरेका छन् : "वीरतापूर्ण कार्यको सविस्तार र सुविस्तृत रूपमा वर्णन गरिएको वर्णनात्मक कविता नै महाकाव्य हो । यसमा नायक प्रायः एउटै हुन्छ । उच्चतर राष्ट्रियता, सार्थकता, शौर्यप्रयाय एवं अतिमानवीय विस्तृत वर्णन समेत रहेको हुन्छ ।" (स्टिनवर्ग (सं.), १९९५, पृ. ९७ ।)

त्यस्तै ए ग्लोसरी अफ लिटरेरी टर्म्स र इन्साइक्लोपिडिक डिक्सनरीमा पनि महाकाव्यबारे उल्लेख पाइन्छ । यी दुवै ग्रन्थहरूमा व्यक्त भएका आशयलाई मोटामोटी रूपमा यसरी उतार्न सकिन्छ ।

"महाकाव्य गम्भीर रूपमा लेखिएको, दैवी वा अर्द्धदैवी पात्रको समावेश भएको आख्यानात्मक तर आलङ्कारिक भाषा एवं औपचारिकशैलीमा नायकका चमत्कारपूर्ण कार्यको वर्णनात्मक कविता नै महाकाव्य हो ।" (आचार्य, २०६५., पृ. ५४ ।)

पाश्चात्य साहित्य चिन्तकहरूका महाकाव्यीय परिभाषालाई समेटेर संक्षिप्त रूपमा महाकाव्यको व्याख्या गर्दा "महाकाव्य महान् नायक र महान् कथानक बोकेको आलङ्कारिक

छन्दोबद्ध, गरिमामय, लामो वर्णनात्मक कवितायुक्त पद्यमय रचना महाकाव्य हो ।" (लामिछाने, २०५८, पृ.७ ।)

यसरी पाश्चात्य साहित्यकार वा विद्‌वानहरूले गरेका छुट्टाछुट्टै परिभाषा र पूर्वीय एवम् नेपाली साहित्यकारहरूद्वारा परिभाषित महाकाव्यको सैद्धान्तिक कसीमा आदिकवि भानुभक्त आचार्यकृत रामायण र डा. कुसुमाकर न्यौपानेकृत लोक रामायणलाई राखेर नियाल्नुपर्ने हुन्छ । साहित्यमा प्रचलित महाकाव्यका तत्वहरूमध्ये कथा, पात्र वा चरित्र, देशकाल परिवेश (वातावरण), भाषाशैली, रस र जीवन दृष्टि पर्दछन् ।

## २.३.१ महाकाव्यीय परिधिमा भानु रामायण

संस्कृत भाषामा लेखिएको "अध्यात्म रामायण" लाई आधार बनाएर नै भानुभक्तले भानुभक्तीय रामायणको रचना गरेका हुन् । आध्यात्म रामायण वेदान्त दर्शनमा आधारित राम भक्तिको प्रचार गर्ने उद्देश्यले गरिएको थियो भने भानुभक्तले आफ्नो रामायणलाई नेपाली समाजको यथार्थिक धरतालमा ओर्लेर जनमानसलाई आदर्श लोकतर्फ प्रवेश गराउने पवित्र उद्देश्यको परिपूर्तिको माध्यम बनाएका छन् । रामायणमा देखिने मौलिकता वस्तु तथा शिल्प दुवैमा व्याप्त छ । भानुभक्तको सामाजिक चेतना, सौन्दर्यवादी दृष्टि, रसग्राहयता, शिल्पचेतना आदि सवैको मेलबाट सृजित भएको यस कृतिमा कवि केवल अनुवादक मात्र छैनन् । यसमा अनुवाद केवल निमित्त मात्र हुन पुगेको छ । जातीय भावनामा आधारित बौद्धिक प्रच्छन्न तर काव्यात्मक प्रत्यक्ष चेतनाको सबल अभिव्यक्ति यसको लक्ष्य रहेको छ । (श्रेष्ठ, २०३८, पृ. २३३ ।) भनी दयाराम श्रेष्ठले उल्लेख गरेका छन् । कथावृत र पात्रलाई नेपाली स्पर्श दिएको हुनाले यो कृति जातीय महाकाव्यको स्थान प्राप्त गर्न पुग्दछ । भानुरामायणका विविध ठाउँमा सौन्दर्यबोधको प्रदर्शन, अन्तर्जगतका सौन्दर्यको उद्‌घाटन र चित्रोपम शैलीको प्रयोगले यो महाकाव्य उच्च कोटिको कलात्मक कृति बन्न पुगेको छ । भावानुकूल छन्द र छन्दानुकूल शब्दचयनमा देखिएको क्षमताको पाठकलाई रसोद्रेकका अवस्थामा पुऱ्याउन भानुभक्त सफल भएका छन् । आचार्यले मुख्यतः शार्दूलविक्रीडित छन्दलाई जातीय छन्द बनाई सरलताको बाटो पक्रेकाले लामो समयसम्म यो महाकाव्य श्रृति साहित्यकै रूपमा लोकप्रिय रहन गएको छ ।

त्यसैले महाकाव्यीय सिद्धान्त अनुसार महाकाव्यका तत्वहरू मध्ये कथा, पात्र वा चरित्र, देशकाल - परिवेश (वातावरण) भाषा शैली रस र जीवनदृष्टि सवैबाट अनुकूल र

योग्य भएकाले भानु रामायण नेपाली साहित्यको सर्वाधिक र लोकप्रिय महाकाव्यको उचाइ लिन सकेको छ । जुन रामायण महाकाव्य करिब १३ सय श्लोकमा संरचित र सात काण्डमा विभाजित भएकाले यिनै श्लोकहरूले यसलाई महाकाव्यात्मक आयाम प्रदान गरेका छन् ।

### २.३.२ महाकाव्यको कसीमा कुसुमाकर न्यौपानेद्वारा सङ्कलित 'लोक रामायण'

नेपाली साहित्यको इतिहासमा लामो समयदेखि जनमानसको गला -गलामा श्रुतिमार्धुयको रूपमा रहँदै आएको लोक साहित्यको विधागत नाम हो 'लोक' रामायण, डा. कुसुमाकर न्यौपानेद्वारा अनुसन्धान गरिएको लोक  रामायण जनमानसमा श्रृति परम्परामा आधारित रहेको पाइन्छ । लोक रामायणमा हिन्दूहरूका आध्यात्मिक आदर्श पात्र रामको जीवनीलाई मुख्य विषयवस्तु बनाइएको छ । भगवान रामको जन्मको पृष्ठभूमि, जन्म, बाल्यकाल, ब्रतबन्ध, शिक्षादीक्षा, विवाह, गृहस्थी र मृत्युसम्मका घटनाहरू यस लोकरामायाणमा आएका छन् । लोक छन्दमा बाँधिएको र नायक रामको जीवन चरित्रलाई देखाइएको हुँदा यसलाई लोक रामायण भनिएको हो । यस लोक रामायण नेपालका विभिन्न जाति, समुदाय र स्थानमा तीनै विभिन्न जातिका मानिसहरूले लोक भाषामा लोक छन्द, लोकलय र लोकशैलीको प्रयोग गर्दै लोकजगतमा गाउने भएकाले यसलाई लोक रामायण भनिएको छ । (न्यौपाने, २०६५  पृ. १७ ।)

यो लोक रामायण बालकण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्ड गरी सात काण्डमा संरचित छ । करिब ४५० श्लोक रहेको यो लोक रामायण नेपाली लोक जीवनमा प्रचलित लोप हुन थालेका लोक संस्कृतिको सङ्ग्रह हो । महाकाव्यीय सिद्धान्त अनुसार एवं पूर्वीय - पाश्चात्यका विद्धानको परिभाषाको सारसंक्षेप अनुसार महाकायका तत्वहरूमध्ये कथा, पात्र वा चरित्र, देशकाल - परिवेश ( वातावरण), भाषाशैली, रस र जीवनदृष्टि जस्ता सम्पूर्ण तत्वहरू सापेक्ष भएकाले आकारका दृष्टिमा केहि सुक्ष्म भएतापनि यो लोकरामायण ले महाकाव्यात्मक उचाई प्रदान गरेको कुरामा दुईमत नहोला । यद्यपि लोकमा प्रचलित, लोकको सम्पत्तिलाई संरक्षण गर्ने मूल ध्येय बोककाले यो रामायणमा प्रस्तुतकर्ताले आफ्नो स्वेच्छा अनुसार थपघट गरेका छैनन् बरु एक सफल, सक्षम र सजग अन्वेषककर्ताको धर्म निर्वाह गरेका छन् ।

# अध्याय : तीन

# भानुरामायण र लोकरामायणको परिचय

## ३.१ भानुरामायणको परिचय

त्रेतायुगका मर्यादा पुरुष पुरुषोत्तम भगवान श्रीरामको जीवनका आरोह, अवरोह, हाँसो खुसी एवम् विजय पराजयका कथालाई कवितात्मक लय प्रदान गरी प्रस्तुत गरिएको प्राथमिक कालकै उत्कृष्ट रचना हो भानुरामायण । भानुभक्तीय भाषिक संरचना र लयात्मक पद्धतिको यसमा जनजिब्रोमा जीवित आध्यात्मिक कृति हो । रामायणभित्र अयोध्या, जनकपुर, लङ्का छ, ऋषिआश्रमको सेरोफेरो छ, राम छन्, सीता छन्, लक्ष्मण, रावण दशरथ, जनक आदि छन् । रक्षस छन्, मानव छन्, देव छन्, अन्य जनावर छन् । समुद्रको विराटता छ, जङ्गलको भयानकता छ, राम राज्यको सुरम्यता छ, लङ्काको सुवर्णालङ्कार छ । यसैमा मानवता छ, यसैमा दानवता छ, छलकपट छ, युद्ध छ, मेलमिलाप छ, शान्ति छ, मित्रता छ अनि शत्रुता पनि । त्रेतायुगका सभ्यताको उजागर गर्दै उक्त सभ्यता प्राप्तिका क्रममा नाश भएका कुसंस्कारको वर्णन गरिएको छ । यसै महान अभियानका महानायकका रूपमा मानवरूपी भगवान श्रीरामको महिमा गाइएको छ । सोही महिमा गानको नाम हो, रामायण ।

रामायण महाकाव्यमा लगभग सवा १३ सय श्लोकहरू छन् । सात काण्डमा विभाजित यी श्लोकहरूले यसलाई महाकाव्यात्मक आयाम प्रदान गरेका छन् । अध्यात्म रामायणमा भएको राकथाको कथनलाई यिनै सातकाण्डभित्र कविले आख्यान र कवित्वको सन्तुलन खोजेका छन् । महाकाव्यकार भानुभक्त स्वयं कुशल पुराणवाचक भएकाले रामकथालाई रोचक शैलीमा र सरल भाषामा लिखित रूप दिएका छन् भन्न सकिन्छ । रामायणको बीचबीचमा आउने दर्शनले गम्भीरता र सरलताको परिचय दिन्छन् । आख्यानले दिने अनुभव पनि यस यसमा टड्कारो देखिएको छ ।

यस काव्यमा रामकथाको सम्पूर्ण आख्यानलाई छन्दको माध्यमबाट प्रस्तुत गरिएको छ । वर्णमात्रिक छन्दलाई नेपाली लोक पद्यको निकटतामा राखिएको छ । महाकाव्यमा भानुभक्तले आफ्नो संगीत र छन्दचेतनालाई प्रशस्त र सशक्त रूपमा प्रयोग गरेका छन् । यसैले नै महाकाव्य लोकप्रिय बनेको छ ।

कलियुगले तहसनहस पारेको धार्मिक मूल्य र मान्यतालाई तथा आदर्शलाई पुनस्थापना गर्न र मान्छेलाई मोक्षको निम्ति सरिक गराउने कार्यमा यस महाकाव्यको ठूलो हात रहेको छ । रामको माहात्म्यलाई माध्यम बनाएर अध्यात्म चिन्तनको सञ्चार गर्न रामायणले मूल भूमिका निर्वाह गर्न खोजेको छ । संस्कृतमा लेखिएको 'अध्यात्म - रामायण' लाई आधार बनएर नै भानुभक्तले अनुरामायणको रचना गरेका हुन् । अध्यात्म रामायण वेदान्त दर्शनमा आधारित भक्तिको प्रचार गर्ने उद्देश्यले लेखिएको थियो भने भानुभक्तले आफ्नो रामायणलाई नेपाली समाजको यथार्थिक धरातलमा ओर्लेर जनमानसलाई आदर्श लोकतर्फ प्रवेश गराउने पवित्र उद्देश्यको परिपूर्तिको माध्यम बनाएका छन् । तत्कालीन नेपालको राजनैतिक पृष्ठभूमि र समसामयिक चलखेलले राष्ट्रिय भावना छिन्नभिन्न भएको र राष्ट्रमा नै अशान्तिले प्रवेश पाएको हुँदा सबैको ध्यान भक्तिभावतर्फ मोडियोस् भन्ने चाहनाले सरल र सुवोध नेपाली भाषामा भानुभक्तले रामायण लेखेका हुन् । भानुभक्तको यो रामायाणमा अध्यात्म रामायणको कथासारलाई अँगाल्दै सुललित छन्दहरूमा नेपाली भाव, नेपाली, संस्कृति र नेपाली जनजीवनका यथार्थ झाँकी प्रतिविम्बित गर्दै तिनका आदर्शात्मक रूप स्वरूपलाई सरल, सरस र रोचक ढङ्गले मीठासपूर्ण अभिव्यक्तिमा प्रस्तुत गरेका छन् । त्यसैले 'भानुरामायण' महाकाव्य घाँसे, दाउरे, खेताला, गोठालादेखि गाउँ सहरका सबै पाठकवीच अत्याधिक र सर्वाधिक लोकप्रिय बनेको छ । (गैरे, २०६०, पृ. १२० ।)

## ३.२ लोक रामायणको परिचय

हिन्दू धर्मको अवधारणाअनुसारका सत्य, त्रेता, द्धापर र कलि जस्ता चारवटा युगमध्येको दोस्रो मानिने त्रेतायुगमा अयोध्याका राजा दशरथ र उनकी पटरानी कौशल्याका कोखबाट विष्णु भगवान्ले लिएको मानवावतारको नाम राम हो । रामको अस्तित्व वैदिक कालदेखि रहेको र वेद, व्राहमण, आरण्यक र उपनिषद् जस्ता ग्रन्थहरूमा तिनको चर्चा, परिचर्चा भएको पाइन्छ । (शर्मा, २०५६, पृ. ५८-६० ।)

यिनै रामको जीवनवृतान्तलाई विषय बनाएर लोकले विभिन्न खालका लोकगाथाहरू गाउने गर्थ्यो । ई.पू. ६००-१००० वर्षको अवधिमा गाथा चक्रका रूपमा प्रचलित त्यही रामगाथालाई वाल्मीकि ऋषिले रामायणका रूपमा आवद्ध गरेका हुन् । वाल्मीकिले तयार पारेको रामायणलाई बाल्मीकीय रामायण भनिन्छ । बाल्मीकीय रामायणपछि रामको

जीवनीलाई विषय बनाएर विभिन्न भाषाहरूमा रामायण लेखिए । त्यस्ता रामायणहरूमध्ये हिन्दीमा तुलसीकृत रामायण लोकप्रिय छ भने नेपाली भाषामा भानुभक्तीय रामायण चर्चित रहेको छ । नेपालको हिन्दू लोकसमुदायमा रामप्रति अगाध श्रद्धा, भक्ति भएका कारणले लोकले नेपालका विभिन्न जिल्ला र ठाउँको नामकरण (रामेछाप, रामारोशन आदि) गर्दा समेत राम शब्दको प्रचूर उपयोग गऱ्यो । लोकसाहित्यका विभिन्न विधामा रामलाई भित्र्याइयो र अझ यिनमा रामको जीवनवृतान्तलाई नै प्रस्तुत गरियो । अभिलेख वास्तुकला, मूर्तिकला, चित्रकलामा पनि नेपाली लोकले रामलाई स्थान दियो । नेपाली लोक प्रतिभाहरूमध्ये कतिपयले रामको सिङ्गो जीवनवृतान्तलाई मौखिक रूपमा लोक समाजमा फैलाए जसलाई पछि आएर सैद्धान्तिक रूपमा लोकगाथा भनेर चिन्ने र चिनाउने गरियो । रामको सिङ्गो जीवनचरित्रमा आधारित त्यही लोकगाथा नै नेपाली लोकरामायण हो भनेर कुसुमाकर न्यौपानेले लोकरामायणमा उल्लेख गरेका छन् । यस्तै रूपले नेपाली लोकरामायणलाई एउटा परिभाषामा बाँधेर अध्ययनका निम्ति नेपाली लोकरामायणको एउटा कार्यार्थ परिभाषा यस्तो बनाउन सकिन्छ । “अयोध्याका राजा दशरथ र उनी पटरानी कौशल्याका छोरा रामको चरित्र तथा कीर्तिमा आधारित भई लोकले मौखिक रूपमा गाउँदै जीवित राखेको रामायाण नै लोकरामायण हो । नेपाली भाषामा गाइने यस्तो रामायणलाई नेपाली लोकरामायण मानिन्छ ।” (न्यौपाने, पूर्ववत्, पृ. १२-१३ ।) भनी उल्लेख गरिएको पाइन्छ ।

नेपालको पश्चिममाञ्चल क्षेत्रमा एकतारे बजाउँदै गाइएको यस लोकरामायणमा रामको जीवनीलाई मुख्य विषयवस्तु बनाइएको छ । भगवान् श्रीरामको जन्मको पृष्ठभूमि, जन्म, बाल्यकाल, ब्रतबन्ध, शिक्षादीक्षा, विवाह, गृहस्थी र मृत्युसम्मका घटनाहरू यस लोकरामायणमा आएका छन् । यिनै रामको जीवनचरित्रलाई उज्यालो तुल्याउनका निम्ति यसमा अन्य पात्रहरू आएका छन् । रामले आफ्नो वीरताको प्रदर्शन गरी संसारलाई चकित पारेका छन् । यिनै राम प्रस्तुत रामायणका पनि नायक हुन् । त्यसैले नायक रामको जीवनचरित्रलाई देखाइएको हुँदा यसलाई रामायण भनिएको हो ।

प्रस्तुत रामायणलाई लोकले मौखिक रूपमा गाउँदै अहिलेसम्म जीवित राखेको छ । परम्परादेखि मौखिक रूपमा गाइदै आएको यस रामायणको सङ्कलित पाठ पनि यसका संवाहकले मौखिक रूपमा गाएकै बेलामा सङ्कलन गरिएको हो ।

# अध्याय: चार

# भानुरामायण र लोकरामायणको तुलना

## ४.१. परिवेशगत तुलना

### ४.१.१ भानु रामायणको परिवेश

वि.सं. १८७२ को सुगौली सन्धिले चहऱ्याएको नेपालीको मनमा मलम-पट्टि लगाउनका लागि नेपाली कवि तथा साहित्यकारहरूले भक्तिभावमा कविता लेख्न शुरु गरे। नेपालीहरूको सुरता वीरताले हौसिएको मनमा सुगौली सन्धीको तुसारापात भएपछि नेपालीहरूको वीरताको भावलाई भक्तिभावतर्फ मोड्नका निमित्त भक्तिधारामा कविता लेखेर पूजा, आराधना गर्ने, भगवान्प्रति भजन गाउने प्रयास गराउनका लागि त्यो मुख्य भूमिका साहित्यकारहरूले खेले। त्यसै स्वरूप राम भक्ति धारामा आधारित रहेर भगवान श्रीरामको जीवनलिलामा आधारित संस्कृत भाषामा लेखिएको अध्यात्म रामायणलाई भानुभक्त आचार्यले नेपालीमा अनुवाद गरे। नेपाली साहित्यको इतिहासमा भानुको रूपमा उदाएका आदिकवि भानुभक्त आचार्य आफू स्वयं कुशल पुराणवाचक पण्डित भएका कारणले नेपाली मौलिक कृति रामायण लेखेर नेपाली साहित्यमा अद्वैत योगदान गरे। आफूभित्रको संस्कृत भाषा एवं साहित्य प्रतिको विद्वतालाई प्रस्फुटित पार्नका लागि कुत्कुत्याउने मुख्य श्रेय एवं प्रेरणा घाँसीबाट पाएका भानुभक्तले अमर कृति नेपाली रामायण नेपाली जनमानसमा पस्के, फलत भानुभक्तकृत नेपाली रामायण नेपालीका गला गलामा बास बस्न सफल भयो। नेपालीको आदर्शको पुञ्ज भगवान् श्रीराम बने, श्रीरामको शुरुता, वीरता, पराक्रम नेपालीको ध्वनि ध्वनिमा गुञ्जियो अतः भानुभक्त नेपाली साहित्यको इतिहासमा आदिकवि उपाधिको पगरी गुथ्न सफल भए। जवसम्म हिन्दू नेपालीको गला गलामा रामायण, रहनेछ, भगावन श्रीराम रहनेछन् तबसम्म भानुभक्त आचार्य पनि रहनेछन् वा जुन दिनसम्म भानुभक्त आचार्य अमर रहनेछन् सोहि दिनसम्म भगवान श्रीराम रहनेछन् वा भनौं नेपालीहरूको गलागलामा नसानसामा, ध्वनि -ध्वनिमा रामायण रहनेछ।

यसै रामायणमा अयोध्याका राजा दशरथको राजदरबारको सेरोफेरो चित्रित छ। राजा दशरथका कौशल्या, कैकेयी र सुमित्रा कुनै श्रमितीहरूबाट पनि सन्तानप्राप्ति भएको छैन उनको उमेर बृद्ध भइसकेको र बशिष्ठ ऋषिले यज्ञ गरेपछि पुत्र प्राप्त हुन्छन् भन्ने सल्लाह दिएअनुसार विभिन्न ऋषिगणहरूलाई दरबारमा बोलाई यज्ञ लगाइन्छ। सो यज्ञको

पायस प्रसादको रूपमा रानीहरूलाई भाग लगाएर सुवाएपछि सबै रानीहरू गर्भिणी हुन्छन् र कौशल्याको कोखबाट श्रीराम, कैकेयीको कोखबाट भरत र कान्छी रानी सुमित्राको कोखबाट राजकुमारद्धय लक्ष्मण र शत्रुघ्नको जन्म भएको विषयवस्तुको उठान गरेर रामायण रचिएको छ । र कथावस्तुको परिवेश राजदरबार एवं अनेकन किसिमका घटनाहरूलाई बनाइएको छ । कतै रामगान, कतै शुरता, कतै वीरता, मानवता अनि दानवता प्रदर्शन गरिएको छ ।

भगवान श्रीरामको बाललीला, श्रीराम र लक्ष्मण विश्वामित्रको आश्रम प्रस्थान साथै ताडका नामक राक्षसको संहार मारीच र सुवाहुको दमन, जनकपुर दरबार, रामद्वारा धनुषभङ्ग, अयोध्यादरबारको सेरोफेरो, रामको बनवासका सर्न्दमा चित्रण गरिएका स्थान, चित्रकुट निवास, पञ्चवटी निवास, किष्किन्धा जंगल, लङ्काको सेरोफेरो, द्रोणाचल पर्वत जस्ता स्थानहरू यस भानुभक्तकृत रामायणका परिवेशमा रूपमा चित्रित छन् ।

दरबारमा राजा दशरथले यज्ञादि गरे पछि राजकुमारहरूको जन्म हुनु, श्रीरामप्रति सवैको विश्वास हुनु, विभिन्न किसिमका राक्षस (ताडका, मारीच र सुवाहु) ले ऋषि तपस्या भङ्ग गराउनु, रामद्वारा राक्षस मारिनु, जनकपूरमा रामद्वारा कसैले नसकेको धनुष भङ्ग गर्नु, सवै राजकुमारहरूको धुमधामपूर्वक विहेवारी सम्पन्न हुनु, घटनाका विकासक्रम हुन् र श्रीराम जेठी रानीको जेठो छोरो भएर पनि कैकेयीको छलकपटले उनलाई वनवास जान बाध्य बनाइएको छ । यसैबाट रामायणमा छलकपट, व्यभिचार, दुराचार, क्रोध, हिंसाको जन्म भएको छ साथै यस्ता प्रसङ्गको अन्त्यको शुरुवाती भएको छ पनि ।

यस्तै विभिन्न किसिमका परिवेश र वातावरणको संयोजन गरेर भानुभक्तद्वारा रामायण लेखिएको छ ।

### ४.१.२ लोकरामायणको परिवेश

लामो समयदेखि नेपालीको जनजीब्रोमा गुञ्जिएर रहेको लोक रामायण अलिखित रूपमा रहेको र लगभग लोपोन्मुख अवस्थामा रहेको थियो । लोपोन्मुख अवस्थामा नेपालीको जनबोलीमा रहेको रामायणलाई सदा जीवित राख्नुपर्छ भन्ने मुख्य ध्येय बोकेर डा.कुसुमाकर न्यौपानेले नेपाल गृहयुद्धले आक्रान्त बनेको अवस्थामा आफ्नो शरीरलाई जोखिम रहँदारहँदै पनि लोक सामु गएर संकलित गरी प्रस्तुत गरेको लोकको अमूल्य सम्पत्ति हो लोक रामायण । लोक रामायणमा विभिन्न परिवेश, देश, काल, वातावरण वा ठाउँको चित्रण गरिएको छ । यसमा नेपाल, भारत र विभिन्न स्थान चित्रित छन् । जनकपुर, अयोध्या,

गंगाजी, राजधानी, ठाँटी पौवा, वन, ऋषि आश्रम, चित्रकूट, यमुना नदी, वाल्मीकि आश्रम, नन्दीग्राम, लङ्का, आकाश, पाताल, स्वर्ग, द्रोणाचल, धौलागिरी पर्वत, किष्किन्धा आदि ठाउँको परिवेश चित्रित छ । धार्मिक एवं युद्धको परिवेश छ । रामको जन्मदेखि बाल्यकाल तथा योवनावस्था हुँदै लवकुश जन्म तथा मृत्यु सम्मको पूर्ण आख्यानको चित्रण गरिएको हुनाले यसको कालगत परिवेश वृहत् छ । यसको आख्यानात्मक कालगत परिवेश आद्य प्रकारात्मक र हिन्दू धर्म अनुसार त्रेतायुगीन छ ।

जनकको राज्य, दशरथको राज्य, किष्किन्धामा स्थित बालीको राज्य, रावणको राज्य लगायतका विभिन्न राज्यहरूको राजनैतिक वातावरणको चित्रण गरिएको छ । जनकको राज्य बाहेक अन्य राज्यमा राजनैतिक अस्थिरताको परिवेश स्पष्ट देखिन्छ । यस रामायणमा छलकपट, व्यभिचार, दुराचार, क्रोध, हिंसाको जन्म भएको छ साथै यस्ता प्रसङ्गको अन्त्यको शुरुवाती पनि भएको छ ।

### क. बालकण्डको परिवेश

### भानुरामायणको बालकण्डको परिवेश

कैलाश पर्वतमा भगवान् सदाशिव ध्यान गरिरहेको अवस्था देखाइएको छ र पार्वतीले रामका बारेमा जान्न खोजेपछि भगवान शिवले रामको विरता र प्रशंसा, रामविवाह, युद्धका विभिन्न कुराको चित्रण गरेका छन् । सीताजीले रामको रामलिला सुन्न मन लाग्यो भनेपछि शिवले रामलिलाको बखान गरेको परिवेश सिर्जना गरेर बालकाण्डको उठान गरिएको छ । पृथ्वीमा रावणले भार दिएको र उक्त भार हरणका लागि ब्रम्हादि देवता भएको ठाउँमा पुग्छन् । ब्रम्हादिले भगवान्को स्तुती गरेपछि भगवान प्रकट भएर दर्शन दिनुभएको परिवेश रामायणमा देखाइएको छ । रावणको अन्त्य गरेर पृथ्वीको भारहरणका लागि भगवानले आफू अयोध्यायका राजा दशरथको छोरो भै जन्मने र पार्वती जनकपूरका राजा जनककी छोरी बनेर जन्म लिई कार्यसिद्धि गरी रावणको विनाश गर्ने बताउँदै अन्तर्ध्यान हुनुभएको छ भने व्रम्हाले इन्द्रादिलाई भूलोकमा पठाएको परिवेश चित्रित छ ।

अयोध्याका राजा दशरथ बृद्धावस्थामा पुगेका र तीनवटी रानी हुँदा पनि कुनै रानीबाट पनि सन्तान प्राप्ति भएका छैनन् । सोकारणबाट दरबार चिन्तित बनेको छ । आफ्नो सन्तापलाई मुक्त गर्नका लागि दशरथले बशिष्ठ ऋषिको सल्लाह मागेका छन् । बशिष्ठ ऋषिको सल्लाह अनुरूप यज्ञादि गरेपछि तीनवटी रानीको कोखबाट चार

राजकुमारले जन्म लिएका छन् । दरबारमा पुत्रप्राप्ति भएसँगै दरबार एवं सम्पूर्ण लोक नै हर्षित छ । विधिविधानपूर्वक चारै राजकुमारको जातक कर्म गरिन्छ । बशिष्ठ ऋषिले कौशल्यापुत्रको नाम राम, कैकेयी पुत्रको नाम भरत, सुमित्राका जूम्ल्याहा पुत्रको नाम लक्ष्मण र शत्रुघ्न राखिदिन्छन् । केही समयपश्चात विश्वामित्र ऋषिको दरबारमा आगमन हुन्छ र आफूलाई ताडका राक्षसीले दुःख दिएकी र ताडकाको बधका लागि आफूले सँगै रामलाई लैजानका लागि दिन आग्रह गर्छन् । राम आफ्नो पुत्र भए पनि चौधै भुवनका धनी भएकोले विश्वामित्रको आग्रहलाई राजा दशरथले नकार्न सक्दैनन् । विश्वामित्रले रामलक्ष्मणलाई आफ्नो आश्रममा लैजान्छन् । रामद्वारा ताडका राक्षसीको मृत्यु हुन्छ । त्यसैगरी मारिच र सुवाहुको पनि रामलक्ष्मणले दमन गर्दछन् । उता जनकपुरका राजा जनककी पुत्री सीता साह्रै सुन्दरी भएकीले सम्पूर्ण देशका राजा महाराजा एवं रावण समेत सीतालाई आफ्नी बनाउन चाहन्छन् तर जनकले जसले शिवजीको धनुमा ताँदो चढाउन सक्छ उसले मात्र सीतासँग विहे गर्न पाउने घोषणा गर्छन् तर कसैले पनि उक्त धनुलाई हल्लाउन समेत सक्दैनन् यो देखेर राजा दशरथ निराश बन्न पुग्छन् । अन्ततः श्रीरामले धनुष भङ्ग गर्दछन् र धुमधामसँग राम सीताको विहे सम्पन्न भएको सेरोफेरो एवं जयजयकारलाई समेत रामायणमा देखाइएको छ । एउटै वैवाहिक मण्डपबाट रामको विहे सीतासँग, भरतको श्रुतकीर्तिसँग, लक्ष्मणको उर्मिलासँग र शत्रुघ्नको माण्डवीसँग विहे भएको छ । सम्पूर्ण लालालस्कर सहित उनीहरू अयोध्या फर्कन्छन् । राम र परशुरामको भेट हुन्छ । परशुरामले रामको निन्दा गर्दछन तर अनन्तः परशुराम रामको शरणमा पर्छन ।

समग्रमा रामायणको बालकाण्डमा भानुभक्तले माहात्म्य, रामहृदय, पृथ्वी भारपीडित भएको, इन्द्रादि र ब्रम्हादि देवता भएको ठाउँ गएको, उनीहरूले भगवान्को प्रार्थना गरेपछि भगान प्रकट भएर उनीहरूलाई दर्शन दिनुभएको कुरा चित्रण गर्नुका साथै भगवान्को जन्म बाललीला, विश्वामित्रको दरबारमा आगमन, दशरथ विश्वामित्र संवाद, राम र लक्ष्मण विश्वामित्रसँग विश्वामित्रको कुटी (आश्रम) प्रस्थान, ताडका, मारीच र सुबाहु जस्ता राक्षस मारिएको सन्दर्भ छ । रामद्वारा धनुषभङ्ग, रामसीता विवाह, बैवाहिक लावालस्कर, विवाह मण्डप चित्रण गरिएको छ भने यसमा अयोध्याको सेरोफेरो जनकपुरको सेरोफेरो विश्वामित्र ऋषिको तपोभूमि, कैलाश पर्वत जस्ता स्थानहरू विभिन्न घटनाक्रमका परिवेश तथा वातावरणका रूपमा देखाइएका छन् ।

**लोकरामायणको बालकाण्डको परिवेश**

बालकाण्डको आरम्भमा पृथ्वीमा पाप रहेको र आफूले पाप थाम्न नसकेर त्यो हरण गरिदिन विष्णुसँग पुकार गरेकी र विष्णुले आफू र लक्ष्मी पछि राम र सीता भएर जन्म लिई पृथ्वीमा भएको पाप हरण गर्नेछु भनी पृथ्वीलाई विश्वस्त पारेको परिवेशबाट कथाको उठान गरिएको छ । अयोध्यावासी दशरथपुत्र भएर राम र जनकपुरवासी जनककी छोरी भएर सीता जन्मनु विश्वामित्रले राम, लक्ष्मण, भरत र शत्रुघ्नलाई शास्त्रअस्त्र ज्ञानले पारङ्गत गराउनु सम्मका घटना पनि देखाइएको छ । यस काण्डमा विभिन्न पात्रहरूमा संघर्ष र द्वन्द्वको अवस्था छ । विश्वामित्रका साथमा राम, लक्ष्मण, भरत र शत्रुघ्न चारैजना जनकपुर गएको, रामले शिवधनु उचालेपछि राम र सीताको अनि रामका भाइहरूको पनि विवाह हुनु, परशुरामको सेखी समाप्त पारेर जन्तीसहित राम, दशरथलगायतका सबै व्यक्ति अयोध्या आएको परिवेश देखाइएको वातावरणको चित्रण गर्दै बालकाण्डको अन्त्य गरिएको छ ।

**ख. अयोध्याकाण्डको परिवेश**

**भानुरामायणको अयोध्याकाण्डको परिवेश**

रामको लावालस्कर अयोध्या फर्केपछि अयोध्यामा धुमधामसँग स्वागत हुन्छ ।राम र नारदको भेट र संवादको सन्दर्भ उल्लेख गरिएको छ । भगवान श्रीरामलाई अयोध्याको राजपाट सुम्पेर राजगद्धिमा बसाउने राजा दशरथको इच्छामुताविक राज्यभिषेकको तयारी गरिएको छ । भने त्यस विषयमा राम र वशिष्ठ ऋषिको संवाद देखाइएको छ । कैकेयी रानीले आफ्नो स्वाङ्गीपना प्रस्तुत गरेपछि राजा दशरथले कैकेयीका सम्पूर्ण इच्छा पूरा गर्ने वाचा गरेको र कैकेयीलाई वर दिएको देखाइएको छ । कैकेयीको इच्छानुसार रामलाई वनबास र भरतलाई रजाइँ सुम्पने वाचामा बाँधिएका दशरथ मुर्छित हुन्छन् भने श्रीराम आफ्नी आमा कौशल्यासँग विदावारी भई सीता र लक्ष्मण सहित बनवास जान तत्पर हुन्छन र वनबास प्रस्थान गर्छन् । त्यस सन्दर्भमा जमुना नदी तरेको प्रसङ्ग बाल्मिकी र भारद्वाज ऋषिसँगको भेटको परिवेश जस्ता कुराहरू चित्रित छन् । साथै राम वनबास हिँडेपछि राजा दशरथको स्वर्गबास, भरत मावलीबाट अयोध्या फर्केको सन्दर्भ, गुरु वशिष्ठको अज्ञानुसार दशरथको अन्त्येष्टिका घटनाहरू गहन रूपमा प्रस्तुत गरिएको छ । श्रीरामको खोजीमा भरत वन प्रस्थान, विभिन्न ऋषिहरूसँगको भेट, चित्रकुटको सेरोफेरोको दर्शन, राम र भरतको मिलाप, रामको आज्ञानुसार भरत अयोध्या फर्केका र राम अत्रि

मुनिको आश्रममा गएको वातावरण र परिवेश सिर्जना गरी अयोध्या काण्डमा राम कहानी प्रस्तुत गरेका छन् भानुभक्त आचार्यले ।

**लोकरामायणको अयोध्याकाण्डको परिवेश**

भगवान् श्रीरामलाई वनबास नजान आग्रह गरी शुरु गरिएको अयोध्याकाण्डमा रामलाई राजगद्धी दिन ठिक्क पारिएको अवस्था र रामलाई राज्य नदिने छलकपटका लागि आफ्ना बस्त्र भूईमा फ्याकी कपटी कैकेयीले मुर्छ्याएको स्वाङ्ग पारेको परिवेशका साथै कैकेयीलाई बचन दिएर भरतलाई राज्य सुम्पिन दशरथ तयार भएको परिवेश देखाइएको छ । राम वनबास जान पर्नु, सीता हरिनु जस्ता कुराको पृष्ठभूमि वा कारक घटना भनेको नै कैकेयीको रामलाई वनबास पठाएर भरतलाई रजाइँ गराउने उद्देश्य नै हुन् । यस अयोध्या काण्डमा राम, लक्ष्मण र सीता वनबास गएको भारद्वाज ऋषिको आश्रममा बसेको, चित्रकुटमा रहेको बाल्मिकी आश्रममा बसेको, परिवेश देखाइएको छ । आफ्नो छोरा राम वनबास जानु परेको शोकले दशरथको मृत्यु, भरतले काजक्रिया गर्नुका साथै रामको खोजीमा भरत जङ्गल लागेको, रामका खराउ ल्याएर राज्य चलाएका प्रसङ्गहरू समेत चित्रण गरिएको छ । आफ्नी आमा कैकेयीको जाली व्यवहार भएपनि भरतबाट भने मर्यादाको पालना गरिएको छ । समग्रमा यस अयोध्याकाण्डको परिवेश छलकपटपूर्ण, व्यभिचारी, बद्नियतका साथै आस्थावान एवं निष्ठावान चरित्रको व्याप्ति रहेको छ ।

**ग. अरण्यकाण्डको परिवेश**

**भानुरामायणको अरण्यकाण्डको परिवेश**

अरण्य काण्डमा छलकपट, क्रुरताका कुराहरूलाई प्रस्तुत गरिएको छ भने राको आदर्शको व्याप्ति पनि त्यसरी नै ठाउँठाउँमा गरिएको छ । वनबासका लागि प्रस्थान गरेका राम बाल्मीकि ऋषिको आश्रम चित्रकुट पुगेका छन् अनि अत्रि ऋषिको आश्रम पञ्चवटी निवास पुगेका छन् । रामद्वारा विराधको बध भएको छ । शरमंग तथा ऋषिहरूसँग रामले भेटेका छन् । पञ्चवरी आश्रममा बास बसेको चित्रण छ । पञ्चवटी आश्रमको परिवेशको चित्रण छ । रामद्वारा सुबर्णखा दण्डित भएकी छे, उसको नाक काटिएको छ । खरदुषण जस्ता राक्षस पनि रामको हातबाट मारिएका छन् । सुपर्णखा भागेर लङ्का गएको चित्रण छ । मारीच र रावणको सीतालाई हरण गर्ने छलकपटी योजना छ । मारीच सुनको मृगको

रूपमा छ र रामको हातबाट मारिएको छ । रावणद्धारा सीता हरिएकी छिन्, सीताको वियोगमा राम आलाप-विलाप बनेका छन् । जटायुको पखेटा रावणद्धारा काटिएको जस्ता घटनाक्रमहरू विभिन्न परिवेश तथा वातावरणको सिर्जना गरेर प्रस्तुत गरिएको छ । यस काण्डमा युद्धको भयानकता अनि शुरता वीरता पनि छ ।

**लोकरामायणको अरण्यकाण्डको परिवेश**

रामगानबाट शुरु भएर रामगानबाटै अन्त्य गरिएको यस अरण्यकाण्डमा चित्रकुट, पञ्चवटी निवासमा घटेका घटनाका विभिन्न परिवेशको चित्रण गरिएको छ । त्यसै सन्दर्भमा १४ वर्षको वनबासका लागि हिंडेका राम, सीता र लक्ष्मणले विभिन्न ऋषिहरूलाई भेटेका छन् । राम वनबास गएपछि अयोध्यामा रामको वियोगका विलापले दशरथ मर्नु, रामलाई फर्काउन भनी रामलाई खाज्दै गएका भरतले गुह्य कुरा थाहा पाएर रामका खराउ लिएर अयोध्या फर्किनु, नन्दी जङ्गलमा रामले राक्षसहरूलाई मार्नु, शूपर्णखाको नाक कान काटिदिनु, मारिचले सुनको मृग बनेर रामलाई छक्याउनु र रावणले सीता हरण गर्नु, राम र लक्ष्मण व्याकुल बन्दै सीताको खोजी गर्नु, राम शीवसँग लड्नु र शीवको कुष्ठरोग निवारण हुनु, रामले कबन्धको शिरच्छेदन गर्नु जस्ता घटना तथा परिवेश लोक रामायणको अरण्यकाण्डमा आएका छन् ।

**घ. किष्किन्धाकाण्डको परिवेश**

**भानुरामायणको किष्किन्धाकाण्डको परिवेश**

यस किष्किन्धाकाण्डमा विशेष गरी किष्किन्धाको परिवेश, युद्धजन्य वातावरण, वालीको दरबार, बानरहरू समेत युद्धमा होमिएको परिवेश चित्रण गरिएको छ । यसै सेरोफेरोमा श्रीरामद्धारा सुग्रीवसँग भेट, सुग्रीवसँग मितेरी गाँसेको सन्दर्भ, सुग्रीव र वालीको लडाइँमा रामद्धारा वालीको मृत्यु गराइएको छ । त्यस्तै वालीको मृत्युपछि ताराको विलाप, रामद्धारा तारालाई विभिन्न आदर्शको प्रयोगद्धारा सम्भाई-बुभाई गरिएका कुराहरू, सुग्रीवको राज्याभिषेक जस्ता घटना चित्रित छन् । सुग्रीवद्धारा सीतालाई खोज्नका लागि सहयोग गर्ने वाचा गर्नु, सहयोगका लागि बानर परिचालन गर्नु, सीताको खोजीमा बानरहरू ठाउँ-ठाउँमा पुगेका घटना देखाइनु, बानरहरूले सीतालाई भेटाउन नसकेपछि मर्ने निश्चय गर्नु, हनुमानले जटायुको भाइ सम्पात्ती नामक गिद्धलाई भेट्नु

र सम्पात्तीले सीतालाई रावणले लङ्का पुऱ्याएको खबर सुनाएपछि हनुमान वायुमार्गद्वारा लङ्का प्रस्थान गरेको घटनाहरू उल्लेख गरिएको छ ।

**लोकरामायणको किष्किन्धाकाण्डको परिवेश**

लोक रामायणका अन्य काण्डमा झैँ यस किष्किन्धा काण्ड पनि रामगान बाट नै शुरु भएर रामगान बाट नै समाप्ति भएको छ । यस किष्किन्धाकाण्डमा युद्धको भयानकता सँगै सामाजिक सद्भावका साथै आदर्श राज्यको स्थापनाको परिवेश देखाइएको छ । पम्फा नामक तलाउको कुरा उल्लेख छ । सुग्रीवको वासस्थानको चित्रण छ । बाली राज्यको चित्रण छ । पात्रहरू मानवीय तथा मानवेतर पनि छन् । मानवेतर पात्रमा पनि मानवता छ साथै दानवता पनि । बालीलाई मारेर सोही राज्यको राजाको रूपमा सुग्रीवलाई राज्यभिषेक गराइएको परिवेश पनि छ । त्यस्तै सीताको खोजीमा भौंतारिदैं हिँडेका राम, लक्ष्मण किष्किन्धामा जानु, हनुमानले सुग्रीवसँग मित लगाउनु, सुग्रीव र बालीको युद्ध हुनु र रामका कारण बालीको मृत्यु हुनु, सुग्रीवको सहयोगमा दशहजार सैनिकले सीताको खोजी गर्नु, जटायुबाट सीता लङ्कामा भएको जानकारी पाउनु र रामको औंठी लिएर राम लङ्का प्रस्थान गरेको परिवेश सँगै किष्किन्धाकाण्डको अन्त्य गरिएको छ ।

**ङ. सुन्दरकाण्डको परिवेश**

**भानुरामायणको सुन्दरकाण्डको परिवेश**

यस सुन्दर काण्डमा लङ्काको रावणको दरबार, फलफूल बगैंचा, रावणले सीतालाई राखेको अशोक बगैंचाको सेरोफेरो देखाइएको छ । वायुमार्गद्धारा हनुमान लङ्का प्रवेश हनुमानको वल हेर्नका लागि इन्द्रादीले सुरसालाई राक्षसीको भेषमा बसेको देखाइएको छ । हनुमान र सिंहिका राक्षसीको भेट, हनुमानले सिंहिकालाई मार्नु, लंकाको द्वारमा बसेकी लंकिनी नामकी राक्षसीलाई हनुमानले भेटेको प्रसंग र हनुमान अशोक बगैंचामा गएर सीतालाई देखेको घटना मिलाइएको छ । हनुमानले सीतालाई रामका बारेमा सारा वृतान्त सुनाइसकेपछि रामको चिनो औंठी सीतालाई दिएपछि हनुमानलाई सीताले विश्वास गरेकी छिन् । सीताले पनि आफ्नो चिनोको रूपमा चूडामणि हनुमानका साथ पठाएको उल्लेख गरिएको छ । साथै हनुमानले सबै बगैंचा ध्वस्त पारेको,

हनुमानलाई मार्नका लागि रावणले आफ्ना सेना र मन्त्रीलाई पठाएको, सवै रावणका सेनामाथि हनुमानको विजय भएको साथै कान्छो रावणपुत्र अक्षयकुमार पनि हनुमानको हातबाट मारिएको प्रसङ्ग उठाइएको छ । त्यस्तै हनुमानलाई पक्रनका लागि इन्द्रजित जानु, इन्द्रजितको ब्रम्हापाशमा हनुमान पर्नु हनुमान र रावणको भेटको परिवेश, हनुमान आफू लङ्का पुग्नुको कारण बताएका छन् । हनुमानलाई जुनवीरले मार्न खोज्दा विभिषणले नमार्न आग्रह गरेपछि पुच्छरमा आगो लगाई छाडिएको छ । पुच्छरको आगोले हनुमानले लङ्का दहन गरेपछि विभिषणको घरमात्र बाँकी राखेर समुन्द्रमा गई आगो निभाएको देखाइएको छ । त्यसपछि सीतासँग विदा मागी हनुमान रामलाई भेट्न पुगेको र लङ्काको घटनाक्रम, परिवेश र सेरोफेरोको बारेमा वृतान्त सुनाउँदै सीताले पठाएको चिनो चूडामणि रामलाई दिएको परिवेश देखाइएको छ ।

**लोकरामायणको सुन्दरकाण्डको परिवेश**

रामगानबाट शुरु गरिएको सुन्दरकाण्डमा यमुना नदी, लङ्का, अशोक बगैँचा, लङ्काको दरबार, सुवर्णालङ्कार आदि जस्ता स्थानमा घटेका विभिन्न घटनाको परिवेशलाई चित्रण गरिएको छ । रामको औंठी लिएर राम लङका प्रस्थान गरेसँगै शुरुवात भएको उत्तरकाण्डमा पनि छलकपटी, व्यभिचारी, दानवताको पराकाष्ठा, राक्षसीय प्रवृत्ति छ्याल्ब्याल् छ । त्यसै सन्दर्भमा हनुमान सुरसा नामक राक्षसीको मुखमा पसेर निस्की लङ्कातर्फ जानु, लङकामा रुखको पातमा लुकेर हनुमानले सीतालाई हेर्नु, रावणले पत्नी बन्न आग्रह गर्दा सीताले तिरस्कार गरेको दृश्य हनुमानले देख्नु, हनुमानले औंठी चिनो देखाई सीतालाई आफू आउनुको कारणसहित सवै वृतान्त सुनाउनु, हनुमानले लङ्काको बगैँचाको फलफूल उछितो पार्नु, रावणका सेनाले हनुमानलाई इन्द्रजितको ब्रह्मपासोले बाँधेर रावणका सामू लानु, पुच्छरमा आगो लगाएर हनुमानलाई छाडिदिएकाले हनुमानले लङ्का जलाउनु, पछि लिन आउँछौ भनी हनुमान सीतासँग विदा भएर राम भएको जङ्गलतर्फ फर्केको जस्ता परिवेशको चित्रण गर्दै अन्तमा रामगानसँगै सुन्दरकाण्डको समापन गरिएको छ ।

## च. युद्धकाण्डको परिवेश

### भानुरामायणको युद्धकाण्डको परिवेश

भानुरामायणको युद्धकाण्ड कथाको चरमोवस्था हो । यस काण्डमा युद्धजन्य परिवेश एवं छलकपटी परिवेश पाइन्छ । आफ्नो अस्तित्व रक्षाका लागि खलपात्रबाट समेत तपस्या एवं यज्ञादि कर्म गरिएको छ । राम, लक्ष्मण, सुग्रीव साथै सम्पूर्ण बानरको फौज लङ्का प्रस्थान गरेका छन् । राम-लक्ष्मण हनुमानमाथी र सुग्रीव अङ्गदमाथि चढ्छन् । समुद्रको तिरमा बसेको देखाइएको छ । यो थाहाँ पाएको रावण राम-लक्ष्मणलाई मार्ने उपाय खाजेको छ भने रामभक्त विभिषणले रामसँग जोरी नखोज्न आग्रह गरेका छन् । रावणले विभिषणको तिरस्कार गरेपछि विभिषण रामको शरणमा लागेका छन् । रामले सागर स्थिर बनाएको देखाइएको छ र समुद्र तरेर लंकाको परिवेश हेरेका छन् । बानर र राक्षसबीचको संग्राममा बानरहरूद्धारा रावणराज्य घेरा गरिएको छ । बानरहरूले राक्षसको फौजलाई सखाप गरेको, रामले हानेको वाणले रावणको मुकुट गिरेको देखाइएको छ । लक्ष्मण मुर्छा परेका छन् । हनुमानको मुड्कीले रावण मुर्छित हुन्छ । पुनः राम सँग युद्ध गर्न तम्सिन्छ तर लज्जित बनेर भाग्छ । लक्ष्मण मुर्छित अवस्थामा भएपछि वियोगमा परेका रामले लक्ष्मणलाई बचाउनका लागि औषधि लिन द्रोणाचल पठाएका छन् । यस सन्दर्भमा द्रोणाचल पर्वतको परिवेश चित्रित छ । रावणले आफूले युद्ध जित्नका लागि हरेक समयमा छलकपटी प्रपञ्चको तानाबाना बुन्न खोज्छ । तर पटक-पटक असफल बनेको छ । हनुमानले कालनेमीलाई मार्छन् । लक्ष्मणको उपचारका लागि सञ्जीवनी बुटी खोज्न द्रोणाचल पर्वत पुगेका हनुमानले पर्वत नै बोकेर फर्कन्छन् र लक्ष्मणको उपचार हुन्छ र राम फौज पुनः रावणसँग युद्ध गर्नका लागि तम्तयार हुन्छन् । कुम्भकर्ण रामको फौज बानरमाथि जाइलाग्छ तर रामको हातबाट कुम्भकर्णको पनि मृत्यु हुन्छ । आफ्नो भाइ कुम्भकर्णको मृत्युको खबर सुनेर दुःखित बनेको रावणलाई इन्द्रजितले सम्झाउँछ । इन्द्रजित निकुम्भिला स्थलमा जान्छ र होम गरेर अग्निलाई प्रसन्न बनाउने र अग्नि प्रसन्न भई आफूलाई हतियार दिने र तिनै हतियारको प्रयोग गरेर आफू लड्ने जनाई होम सुरु गर्छ । विभिषणले यस्ता सारा कुराको वृतान्त रामलाई सुनाइसकेपछि रामले हनुमानका साथमा लक्ष्मणलाई इन्द्रजितसँग लड्न पठाएका छन् । लक्ष्मणले आफ्ना सारा राक्षसगणलाई मारेको देखेको इन्द्रजीत क्रोधित भई होमन गर्न छोडेर लडाई गर्न आइपुग्छ । लक्ष्मण र इन्द्रजीतको युद्धमा लक्ष्मणद्वारा

इन्द्रजित मारिन्छ । लक्ष्मण आफ्नो फौज लिएर फर्कन्छन् भने आफ्ना पतिको मृत्युको खवर सुनेकी सुलोचना सति गएको देखाइएको छ ।

त्यस्तै रावणको मूल परेको छोरो नारान्तकको जीवन कहानी नारान्तकको राज्य बेह्वाल नगर, नदीको चित्रण, नारान्तकको मृत्युको प्रसङ्ग, दधिवलको प्रसंग धौलागिरी शिखरको सेरोफेरो पनि उठाइएको छ । रावणपुत्र अहिरावणको जीवन कहानी, अहिरावणले राम-लक्ष्मणलाई मंत्रणा गरी (मायावि) अपहरण गरेर लगेको पातालको परिवेश, हनुमानपुत्र मकरध्वजको प्रसंग उठाइएको छ । दधिवलद्धारा नारान्तकको मृत्यु गराइएको छ भने हनुमान र अहिरावण बीचको युद्धको भयानकताका साथै हनुमानले अहिरावणलाई मारेको विषयवस्तुमा विभिन्न परिवेश एवं वातावरणको सिर्जना गरी प्रस्तुत भएको छ ।

रामका फौजले रावणको यज्ञ विध्वंश गरेको र रावण क्रोधित भएर सीतालाई मार्न खोजेको, सुपार्श्वले सम्झाएको, रावण र मन्दोदरी संवाद, राम र रावणको संग्राम, रामद्वारा रावणको बधको युद्धजन्य परिवेश, रावणको मृत्यु, विभिषणको लंकामा राज्यभिषेकको परिवेश, सीताजीको अग्निपरीक्षा, अग्निपरीक्षामा सीताजी निर्दोष देखिएकी, देवताहरूले रामको स्तुती गरेको परिवेश, सीताजीसहित अग्निदेव प्रकट भएका र राम, सीता र लक्ष्मण सँगै हनुमान सुग्रीव एवं अन्य बानर फौज सहित अयोध्याका लागि प्रस्थान गरेको र आकाशमार्ग मार्फत विमानमा चढेर रामको लस्कर अयोध्या फर्केको हर्षजन्य परिवेश छ । रामको लस्करको अयोध्यामा स्वागत, अयोध्यामा खुसीको लहर, राम भरत मिलाप, भारद्वाज मुनिको अयोध्यामा आतिथ्यता, श्रीरामको राज्यभिषेक, नन्दीग्रामको सेरोफेरो, बाँदरहरू विदा भएर आ-आफ्नो स्थानमा फर्कन खोजेको परिवेश देखाइएको छ । यसरी युद्धको सन्त्रासजन्य वातावरणबाट सुरु भएको युद्धकाण्ड हर्ष, खुसी र रामगान सँगै टुङ्ग्याइएको छ ।

**लोकरामायणको युद्धकाण्डको परिवेश**

रामगानबाट शुरु गरिएको लोकरामायणको युद्धकाण्डमा लङ्कापुरीका विभिन्न स्थानहरू देखाइएको छ । कथाको मध्यभाग एवं चरमोत्कर्षको भाग भएकोले यसमा युद्धको सन्त्रासजन्य परिवेशको चित्रण गरिएको छ । असत् पात्रमाथि सत् पात्रको विजयको चित्रण गरिएको छ । युद्धको समाप्ती नहुने समयसम्म डर, त्रास, युद्ध, अपराध, जाल झेल छलकपट प्रचुर मात्रामा छन् । मानवीय एवं मानवेतर पात्र पनि युद्धमा होमिएका छन् ।

असत् पात्र आफ्नो राक्षसीय चरित्रको अस्तित्व रक्षाको दावीमा छ । आफू मर्न तयार हुने तर सत्यतालाई स्वीकार्न सक्ने अवस्था दानवीय पात्रमा छैन । ऐरावण, रावण, कुम्भकर्ण जस्ता राक्षसको अन्त्यका लागि ब्रम्हादिहरू आशातित छन् । पापिष्टका अन्त्यका लागि लडेका सत् पात्रहरू विजय प्राप्त गर्ने आशामा आफूलाई युद्धमा होमेका परिवेश देखाइएको छ ।

त्यसै सन्दर्भमा युद्धका निम्ति बाँदरसेना लिएर राम, लक्ष्मण, हनुमान सबै लङ्कातिर जानु, पुल बनाएर समुद्र तर्नु, रावणका सेनासँग घमासान युद्ध गरेका बेला विभिषणलाई बचाउँन खोज्दा लक्ष्मण मुर्छित हुनु, हनुमानले ल्याएको द्रोणाचल पर्वतको सञ्जिवनी बुटी प्रयोग गरेर लक्ष्मण ब्युँतनु, कुम्भकर्ण, इन्द्रजित, रावण समेत मारेर रामको लावालस्कार (फौज) अयोध्या फर्केको परिवेश चित्रण गर्दै रामगानको साथमा युद्धकाण्डको समापन गरिएको छ ।

## छ. उत्तरकाण्डको परिवेश

### भानुरामायणको उत्तरकाण्डको परिवेश

यस उत्तरकाण्ड संयोगान्तबाट शुरु भएर वियोगान्तमा गई टुङ्गिएको छ । समग्र रामायणको उत्तरावस्थामा प्रवेश पाएको यस उत्तरकाण्ड सुःख-दुःख, हर्ष-विष्मात जस्ता कुराहरूबाट सिर्जिएको छ । भगवान रामको राज्यमा अगस्त्यादि मुनिश्वरहरूको आगमनको परिवेश र रावणादी राक्षसहरूको पूर्व चरित्रहरू सुनाएको अवस्था देखाइएको छ । साथै यसमा लेखिएका विषयहरू पूर्व संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएका हुनाले पूर्व प्रसङ्गहरू कतिपय दोहोरिएका छन् । व्याख्यात्मक शैलीमा रामले वनवास जीवनमा भोगेका कुराहरू देखाइएको छ । त्यसै सन्दर्भमा राक्षसहरूले राज्य स्थापना गरेको परिवेश, बाली र सुग्रीवको पूर्व चरित्रको परिवेश तथा रावण सनतकुमार संवाद पनि देखाइएको छ । राम राज्यको वर्णन तथा सेरोफेरो, सीताको वनवास प्रसङ्ग, रामगीताको गायन, वनवासमा गएकी सीता, बाल्मिकी ऋषिको आश्रममा शरण लिएको परिवेश देखाउनुका साथै सीतालाई पुत्रप्राप्ति, भगवान् रामको यज्ञमा कुश-लव सहित महर्षि बाल्मीकिको आगमनले परिवेश र कुशलाई परमार्थोपदेश गरेको प्रसङ्ग उठान गरिएको छ । त्यस्तै भगवान रामको यज्ञमा लव-कुशले गायन गरेका र सीताको पृथ्वी प्रवेश साथै लक्ष्मणको स्वर्गवास जस्ता परिवेशको

चित्रण गर्दै महाप्रयाण गर्दै उत्तरकाण्डको समाप्ति साथै समग्र रामायणको कथावस्तुको समापन गरिएको छ ।

**लोकरामायणको उत्तरकाण्डको परिवेश**

रामको बाँकी जीवनलिला सहित समग्र लोक रामायणको अन्त्यका सारवस्तु समेटिएको लोक रामायणको उत्तरकाण्डमा रावण, वाली एवं अन्य पात्रहरूको उत्पत्तिको पूर्व प्रसङ्ग उल्लेख गरिएको छ । आफ्नो वनबास जीवन यापन गरेर अयोध्यामा फर्केका राम लक्ष्मणलाई धुमधामसँग अयोध्याको राज्यभिषेक गराइएको परिवेश तथा घटनाहरू चित्रण गरिएका छन् । समग्र रामायणको अन्तिम भाग भएकाले भगवान् श्रीरामको महिमा गान गरिएको छ साथै रामको व्याप्ति र वीरताको प्रशंसा गरिएको छ । त्यस्तै अयोध्यामा रामलाई अर्काले लगेकी पत्नी फिर्ता ल्यायो भन्ने लोकापवाद लाग्नु, सीतालाई राज्यबाट निकाला गरेर जङ्गलमा लगेर छाड्नु, सीतालाई जङ्गलबासी बाल्मीकिले आश्रय दिनु, सीतालाई पुत्र प्राप्त हुनु, लवकुश नाम राख्नु, बाल्मीकिले लवकुशलाई शिक्षा दिनु, रामले गरेको अश्वमेघ यज्ञमा लवकुशले अमृतगान गाउनु, लवकुशको अमृतगान सुनेर रामले यथार्थ थाहाँ पाउनु सम्मका घटना तथा परिवेशहरू चित्रित छन् ।

यस लोक रामायणको कथावस्तुले निर्णायक मोड लिने अवस्थामा पुगेकाले यस रामायणको अन्त्य भाग उत्तरकाण्डमा सीता पृथ्वीभित्र अलप हुनु, लवकुशले रामबाट राज्य पाउनु, एघार हजार वर्ष व्यतित गरेका रामको मृत्युको  घटना तथा परिवेश पनि यस उत्तरकाण्डमा समाहित गरी बैकुण्ठमा जानका लागि रामगान भज्नुपर्ने सन्देश दिंदै उत्तरकाण्ड एवं समग्र लोक रामायणको समापन गरिएको छ ।

## ४.२ पात्रगत तुलना

### ४.२.१ भानुरामायणका पात्र

आध्यात्म रामायणलाई आधार बनाएर हिन्दू पुरा कथामा रहेको पात्रलाई मौलिकता दिंदै एवं आध्यात्म रामायणको भावानुवाद गरेका छन् भानुक्त आचार्यले भानु रामायणमा । महाकाव्यको कसीमा सजिलैसँग बाँधिएको भानुरामायणमा सत् पात्र, असत् पात्र, सहायक पात्र एवं अन्य गौण पात्रहरू समेत प्रशस्तै छन् । महाकाव्यको प्रमुख पात्र राम कुलीन छन् ।

लोकको भाव समेट्ने प्रकारका छन्, राजर्षि परिवारका छन् । त्यस्तै खल पात्र रावण लोकापवाद छ, दानवीय चरित्र छ । त्यस्तै अन्य पात्रहरू पनि आफ्नो सिद्धान्त अनुसार कुनै सत् पात्रको पक्षमा छन् त कुनै असत् पात्रको पक्षमा । भानुरामायणमा प्रमुख पात्र (नायक, नायिका), सहायक पात्र, गौण पात्र एवं मानवीय तथा मानवेतर पात्र दुबै पनि छन् । कुनै पात्र मानवीय रहँदारहँदै पनि दानवीय स्वभावका छन भने कुनै पात्र मानवेतर रहँदारहँदै पनि सत्को पक्षमा वा मानवीयताको खोजीमा छन् । भानु रामायणमा भएका प्रमुख पात्र सहायक पात्र वा गौण पात्रहरू निम्नानुसार छन् ।

प्रमुख पात्र : राम, सीता, रावण

सहायक पात्र : लक्ष्मण, हनुमान, भरत, दशरथ, सुग्रिव, कैकेयी, बाल्मीकि, कौशल्या, जनक, विभिषण आदि ।

गौण पात्र : बाली, सुरसा, ताडका, तारा, जटायु आदि ।

भानुरामायणमा माथि उल्लीखित पात्र र यस्ता अनन्य पात्र रहँदारहँदै पनि प्रमुख पात्र र मुख्य सहायक पात्रहरूको मात्रै  कार्यव्यवहार र चरित्र चित्रण गरिएको छ ।

### **४.२.२ लोक रामायणका पात्र**

लोक रामायणको मुख्य स्रोत पौराणिक पुरा कथा भएकाले यसमा पनि पौराणिक पात्रहरू नै समावेश छन् । यसमा देवता दानव जस्ता पात्रको चरित्राङ्कन भएको छ । विशेषत हिन्दू अध्यात्मक दर्शनका मूल कुराहरू समाविष्ट भएकाले पनि लोकरामायणमा हिन्दू धर्मका देवीदेवताको प्रयोग गरिएको छ । हिन्दू धर्म दर्शनअनुसार चार युगमध्ये त्रेतायुगका भगवान श्री रामचन्द्र नै यसका प्रमुख पुरुष पात्र रहेका छन् । त्यस्तै रामको पारीवारिक जीवन चित्रण, उनका जीवनका आरोह अवरोहलाई मुख्य विषयवस्तु बनाइएको लोक रामायणमा रामका सहयात्रीका रूपमा अन्य पात्रहरू सीता, लक्ष्मण, भरत, शत्रुघ्न, दशरथ, कौशल्या, कैकेयी, सुमित्रा, जनक, रावण, बाली, सुग्रीव तथा रामलाई शिक्षादीक्षा दिलाउने वशिष्ठ ऋषि, बाल्मीकि ऋषि जस्ता पात्रहरू पनि छन् । कुनै पात्रले लोक रामायणमा कथानकलाई स्वतः सिद्ध बनाउनका लागि अहम् भूमिका खेलेका छन त कुनै पात्रहरूले सहायक एवं गौण भूमिका ।

पृथ्वीको भारहरण गर्नका लागि भगवान रामको जन्म भएको छ भने पृथ्वीलाई भारपीडित बनाउने खल् पात्रको रूपमा रावणको मुख्य भूमिका पनि देखाइएको

छ । राम र रावणको युद्धको मुख्यकारण जनककी पुत्री सीताको भूमिका चरितार्थ देखाइएकाले रामायणमा सीताको भूमिका पनि प्रमुख नै छ । त्यस्तै यसमा देवपात्र, ऋषिपात्र र देव ऋषि इतर पात्र तथा असत् पात्रको भूमिका छ जो कथानकका खल् पात्र हुन् जसले कथामा युद्धको भयानकता निम्त्याएका छन् साथै सोही युद्ध त्यस्ता खल् पात्रका लागि स्वतः विनाशकारी सिद्ध भएको छ अझैँ भनौँ असत् पात्रका लागि “विनाश काले विपरित बुद्धि” सावित भएको छ ।

लोक रामायणमा देव चरित्रका रूपमा स्थापित पात्रहरूमध्ये राम, सीता, हनुमान, विष्णु, लव, कुश, लक्ष्मी, शिव, इन्द्र आदि छन् । त्यस्तै मानव ऋषिमुनि पात्रको रूपमा विश्वामित्र, वशिष्ठ, गौतम, परशुराम, भारद्धाज, बाल्मिकी, नारद, अत्री, अगस्ती लगायतका पात्रका साथै गरुड, बराह, पृथ्वी आदि प्राकृत पात्रले पनि दैविचरित्रकै भूमिका स्पष्ट्याएका छन् । मानवीय पात्र छन् साथै मानवेतर पात्रले पनि कुनै न कुनै ठाउँमा आफ्नो भूमिकालाई सुरक्षित राखेको पाइन्छ । मानवेतर पात्रको रूपमा बाँदर, जटायु, सम्पात्ति, मृग एवं अन्य पशुपंक्षीको प्रयोग गरिएको छ ।

यस्तै विभिन्न किसिमका पात्रहरूमध्ये राम प्रमुख सत् पात्र हुन जसका वरीपरी कथानकले फेरो मारेको छ । रामको मुख्य उद्देश्यमा व्यवधान सिर्जना गर्न क्रियाशिल असत् पात्रका रूपमा रावण, मेघनाद, कुम्भकर्ण, बाली, ऐरावण, मारिच, सुरसा शूपर्णखा आदि देखिएका छन् भने असत् एवं खल् पात्रको नेता एवं मुख्य भूमिकामा रावण क्रियाशील छ ।

लोक रामायणमा यस्तै विभिन्न प्रकारका भूमिकालाई यसरी प्रष्ट्याएका छन् (न्यौपाने, पूर्ववत्, पृ.७८ ।)

१. प्रमुख चरित्र : राम, सीता, रावण
२. सहायक चरित्र : लक्ष्मण, हनुमान, भरत, बाल्मीकि, मारिच, जनक, दशरथ, कौशल्या, कैकेयी, सग्रीव, कुम्भकर्ण, विभिषण, मेघनाद आदि ।
३. गौण चरित्र : परशुराम, बाली, सुरसा, अहिल्या, ताडका, माझी, उर्मिला, माण्डवी, श्रुतकीर्तिका, भारद्वाज, अष्टवक्र, लङ्केनी, तारा आदि ।
४. मानवीकृत वृक्ष तथा वनस्पति चरित्र : पीपल, सल्लो, केरा, ऐसेलु आदि ।
५. मानवीकृत पशुपन्छी तथा कीटपतङ्ग चरित्र : मृग, भालु, बाँदर, जटायु, जुको, मछेडी आदि ।

यसरी लोक रामायणमा प्रयोग गरिएका विभिन्न पात्रहरूको छुट्टाछुट्टै विश्लेषण गर्न सम्भव नभएकाले प्रमुख पात्र राम, सीता र रावणका साथै मुख्य सहायक पात्रका रूपमा लक्ष्मण, हनुमान र सुग्रीवलाई मात्र चिनाउने प्रयास गरिएको छ ।

**क.　प्रमुख पात्र**

**अ.　राम**

**भानुरामायणमा राम**

भानुभक्तद्वारा लेखिएको भानुरामायणमा भएका विभिन्न पात्रहरूमध्ये श्रीराम प्रमुख पुरुष सत् पात्र हुन् । भगवान रामको जन्मदेखि मृत्युपर्यन्त सम्मका जीवन यापनका आरोह अवरोह, सङ्घर्ष, शुरता-वीरता जस्ता कुराहरूलाई आधार बनाएर रामकै जीवनीलिलालाई कथानकता दिएर लेखिएको पुस्तकाकार कृति हो रामायण ।

अयोध्याका राजा दशरथका चार रानीमध्ये जेठी रानी कौशल्याको कोखबाट राम जन्मिएका हुन् । त्यस्तै जनकपुरका राजा जनककी छोरी सीताका पतिदेव साथै लवकुशका पिता र भरत, लक्ष्मण र शत्रुघ्नका जेठा दाइ पनि हुन् । पापीहरूको विनाश गरी पृथ्वीको रक्षाका लागि दशरथ र कौशल्याको गर्भबाट जन्मिएका राम, नैतिकवान, चरित्रवान, आदर्शवान, निष्ठावान साथै वीर र पराक्रमी व्यक्तिका रूपमा चित्रित छन् ।

सानै उमेरदेखि सुर-वीर स्वभावका राम आफ्नो जीवनकालमा आफ्नो शुरता र वीरता प्रदर्शन गरी आफूलाई बलवान व्यक्तिका रूपमा स्थापित गराएका छन् । जनकपुरमा कसैले उठाउन नसकेको शिवधनु उचालेर आफ्नो वीरता प्रदर्शन गरी सीतासँग विवाह गर्न सफल भएका राम आफ्नो बुवाको वचन पूरा गर्नका लागि वनबास जीवन समेत स्वीकार्न सक्ने त्यागी व्यक्तिका रूपमा रामलाई देखाइएको छ । अन्याय र अत्याचारका विरोधी रामले ताडका, सुवाहु, मारिच, बाली, कुम्भकर्ण, ऐरावण, रावण जस्ता दुष्टहरूलाई परास्त गरी आफ्नो लक्ष्यप्राप्त गर्न सक्ने कुशल लडाकु भएको चित्रित छ । रामले भरत र लक्ष्मणलाई गरेको व्यवहारलाई हेर्दा भातृप्रेमी व्यक्तिका रूपमा पनि लिन सकिन्छ । आफ्नी पत्नीको खोजमा भांतारिएर पागल जस्ता बनेका राम आफ्नो जीवन अवधिभर सीताकै प्राप्तिमा लागेकाले आदर्श प्रेमीका रूपमा पनि हेरिएको छ ।

साथै मानविय चरित्र रहँदारहँदै पनि मानववेतर प्राणीसँग सह सम्वन्ध स्थापित गर्न सक्ने राम* सुग्रीवका मितका रूपमा रामायणमा देखाइएको छ । समग्रमा हेर्दा राम कुशल योद्धा, पापीका विनाशक, सत्यवादी, आदर्शवान, आदर्श प्रेमीका रूपमा चित्रण गरिएको छ र रामायणको अन्त्यमा राम चतुर्भुज विष्णुको रूप धारण गरेको भनेर चर्चा गरिएको छ । भानुरामायणमा रामलाई राघव, राम, पुरुषोत्तम जस्ता नामले पनि चिनाइएको छ ।

**लोकरामायणमा राम**

यस लोकरामायणका प्रमुख पुरुष पात्र राम भानुरामायणका नायक पनि यिनै हुन् । रामको जीवन चरित्र र जीवन भोगाइका गतिविधिबाट यस लोकरामायणको कथानकको विस्तार भएको छ । अयोध्याका राजा दशरथ र कौशल्याका छोरा राम सीताका पति हुन् भने लवकुशका पिता हुन् । सानैदेखि गुरु वशिष्ठसँग शिक्षा लिएका राम भरत, लक्ष्मण र शत्रुघ्नका जेठादाइ पनि हुन् । बलवान तथा रूपवान रामले आफ्नो बल र धनुर्विद्याको दक्षता प्रदर्शन गरी जनककी पुत्री सीतालाई विहे गर्न सफल भएका थिए । पापीलाई नष्ट गरी पृथ्वीलाई भारबाट मुक्त गराउने उद्देश्यले दशरथ र कौशल्याका गर्भबाट जन्मिएका राम कुशल योद्धा, संहारक, अन्यायविरोधी, उद्धारक, आज्ञापालक, आदर्शप्रेमी व्यक्तिका रूपमा देखिएका छन् ।

समग्रमा लोकरामायणको स्रोत पौराणिक रामायण भएकाले भानुरामायण र लोकरामायणमा खासै भिन्नता देखिंदैन् तर लामो समयसम्म लोकको गलामा टाँसिएर रहेको र लिखित रूप प्राप्त नगरेकाले रामायणका विषयलाई लोकले कुनै स्मृतिमा राख्न सके त कुनै विस्मृतिमा । त्यसैको फलस्वरूप रामायणका केही कुरामा अपभ्रंश भयो र दुवै रामायणमा भिन्नता देखिन आयो । त्यस्तै शिलशिलामा रामायणमा रामले सुग्रीवसँग मित लगाएको चर्चा गरिएको छ भने लोकरामायणमा हनुमानले सुग्रीवसँग ।

रामले रावणसेनालाई परास्त गरी सीतालाई अयोध्यामा फर्काएपछि लोकापवाद सुनेर सीतालाई घरबाट त्यागेको र सीतालाई जङ्गलमा लवकुश जन्मेका र पछि लवकुशलाई रामले आफ्नो राज्यको उत्तराधिकारी बनाएको उल्लेख गरिएको छ भने अन्त्यमा रामको मृत्यु पछि समग्र रामायणलाई टुङ्ग्याइएको छ ।

* भानुरामायणमा रामको मीतको रूपमा सुग्रीव हुन् भनेर सुग्रीव र रामलाई मितेरी साइनोको बन्धनले बाँधिएको छ ।

## आ. सीता

### भानुरामायणमा सीता

जनकपुरका राजा जनकको पुत्री तथा अयोध्याका राजकुमार रामकी पत्नी हुन् । आफू शुशिल, इमानदारी रहँदारहँदै पनि अनेक किसिमका लाञ्छनाभोग्न विवश बनेकी सीता लव कुशकी आमा पनि हुन् । आफ्नो रूप र सौन्दर्यका कारणले यिनले आफ्नो जीवनका अधिकांश समय दुःखमा व्यतित गर्न बाध्य पतिव्रता हिन्दू नारी हुन् । शिवधनुमा ताँदो चढाउनसक्ने वीर पुरुषसँग विहेवारी गरेकी सीता आफ्नो पतिसँगै वनवास गएपछि रावणद्वारा हरिएकी छन् । रावणले आफ्नी श्रीमती बनाउनका लागि अनेक प्रकारका प्रलोभन देखाउँदा, रानी बनाउने सपना देखाउँदा र डर धम्की र त्रास देखाउँदा समेत धीर भएर आफ्नो पतिभक्तिमा लाग्ने, विपत्ति अनि आपत्तिमा कहिल्यै हरेश नखाने नारीको रूपमा रामायणमा सीतालाई चिनाइएको छ । रामले युद्ध जितेर आयोध्या फर्काएपछि लोक लाग्छनाका कारण अग्निपरीक्षामा सहभागी हुनुपरेको र लोकापवादका कारण दरबारबाट लखेटिएकी अभागी नारी हुन् । सीताले जङ्गलमा निर्वासित हुँदा बाल्मीकि ऋषिको आश्रय लिएकी हुन् ।

आफ्नो जीवनमा जस्तोसुकै आपत्ति-विपत्ति आउँदा पनि धैर्यतापूर्वक समस्यासँग जुध्न सक्ने सहनशील नारीका रूपमा सीतालाई चित्रण गरिएको छ ।

### लोकरामायणमा सीता

जनकपुरका राजा जनकको पुत्री सीता अयोध्याका राजकुमार रामकी पत्नी हुन् । सीता रूपमती र गुणवती भएका कारण सीताको रूपसौन्दर्य देखेर धेरै राजा महाराजा लालायित भएका छन् । रामले शिवधनु भङ्ग गर्न सफल भएपछि उनैसँग वैवाहिक सूत्रमा बाँधिएकी सीता रामसँगै वनबास गएकी छिन् र वनबासबाटै रावणको अपहरणमा परेकी सीताको उक्त घटनाबाट नै कथानकको विकाश भएको छ । धैर्य, सहनशील सुशील नारीपात्र सीता यस रामायणकी प्रमुख नारी पात्र भएको र पूर्व उल्लेख गरिएको भानुरामायणको पनि प्रमुख नारीपात्र हुन् । दुवै रामायणका नारीपात्र एउटै सीता भएकीले दुवैमा समान भूमिका रहेको छ ।

इ. रावण

**भानुरामायणमा रावण**

सुवर्णजडित लङ्काको दरबारमा राजगरेको रावण पुलस्त्य ऋषिको नाति कैकेसी र विश्रवाको छोरो एवं कुम्भकर्ण, विभिषण, सुपर्णखाको दाइ हो । रामायणको प्रमुख खलपात्र रावणपनि जाली, फटाहा, परपीडक र वलवान व्यक्तिको रूपमा चिनिन्छ । ब्रम्हाको तपस्या गरेर आफूले मागेबमोजिम आफ्ना शीर पाउने वरदान प्राप्त गरेको रावण असहनशील र रिसाहा व्यक्ति पनि हो । आफ्नो व्यक्तिगत् स्वार्थ पूर्तिका लागि रामकी श्रीमती सीतालाई हरण गरेर राख्ने दुष्ट व्यक्ति पनि हो । सीतालाई हरण गरेर लगेपछि लामो समयसम्म राम र रामका बाँदर सेनासँग लडेको छ । लोकलाई दुःख दिने परपीडक स्वभावको रावण मै खाउँ मैलाउ भन्ने स्वभावको व्यक्ति भएकाले रामको वाणको चोटले मरेको गतिशील पात्र हो ।

**लोकरामायणमा रावण**

लङ्काको राजा रावण पुलस्त्य ऋषिको नाति र कैकेसीको छोरो हो । कुम्भकर्ण, विभिषण र शुपर्णखाको दाइ हो । रावण शक्ति प्राप्त गरी शत्रुलाई परास्त गर्न अनि विभिन्न थरीका हतियार चलाएर शत्रुसित युद्ध गर्न सिपालु छ । लोकरामायणमा राम र उनका सेनासँग रावणको लामो समयसम्म युद्ध भएको छ । रावण असहनशील, रिसाहा व्यक्ति हो । यसले रामको नामसमेत सुन्न चाहन्न । अहंकारी प्रवृत्ति यसमा छ । भानुरामायणको पात्र रावण र लोकरामायणको पात्र रावणमा कुनै विषमता देखिएको छैन । त्यसैले रावणको चरित्र चित्रण पूर्वप्रसङ्गमा गरिएकाले यहाँ गरिएको छैन ।

ख. **अन्य सहायक पात्रहरू :**

अ. **लक्ष्मण**

**भानुरामायणमा लक्ष्मण**

भानुरामायणमा उल्लेख गरिएका विभिन्न पात्रहरू मध्ये मुख्य सहायक पात्र लक्ष्मण हुन् । अयोध्याका राजा दशरथ र रानी सुमित्राका छोरा, रामका प्रिय भाइ अनि जनकपुरका राजा जनककी छोरी उर्मीलाका पति हुन् । रासँग बाल्यकाल देखिनै सँगै खेल्दै रमाउँदै आएका लक्ष्ममण रामसँग छुट्टिन नसकेर सँगै वनवास समेत गए । जङ्गलमा अनेकन

कष्ट सहनुपरेपनि आफ्नो दाजुको साथ छाड्न नसकेका लक्ष्मणले लङकाका रावणकी बहिनी शुपर्णखाको नाक काटिदिए । लामो समयसम्म रावण र रावणका सेनासँगको युद्धमा बहादुरी देखाएका लक्ष्मण कुशलयोद्धा, अन्याय विरोधी, उग्र, क्रोधि तथा आज्ञापालक व्यक्तिका रूपमा चित्रित छन् ।

लक्ष्मण आफ्नी भाउजू सीताको सुरक्षामा रहँदासमेत भाउजूलाई मातासमान दृष्टिले हेरे । सीताले विभिन्न किसिमका गालीगलौज र लाञ्छना लगाउँदा समेत आफ्नो दायित्वबोधका लागि निरन्तर लागिपरे । लङ्काको युद्धमा कुम्भकर्ण, ऐरावण, रावणजस्ता दुष्टसँग लडेर तिनीहरूलाई परास्त गरी सीतलाई आफ्नो राज्यमा फिर्ता ल्याउने कार्यमा अहोरात्र लागि परे । आफ्ना माता-पिताको, दाइ भाउजूको आज्ञालाई सहस्र स्वीकारेका लक्ष्मण रामप्रति आदर्श भातृत्व प्रेम र भाउजूप्रति आदर्श प्रेम दर्शाएका छन् । रामायणको अन्त्यमा लक्ष्मणको मृत्युको प्रसङ्ग उल्लेखित छ ।

**लोकरामायणमा लक्ष्मण**

प्रस्तुत लोकरामायणका मुख्य सहायक पात्र लक्ष्मण हुन् । दशरथ र सुमित्राका पुत्र लक्ष्मण रामका भाइ हुन् । यी सहनशील छन् । आस्थावान, निष्ठावान एवं चरित्रवान पनि छन् । रामलाई सहयोग गर्नका लागि आफ्नो ज्यानको बाजी थाप्न समेत पछि नपर्ने लक्ष्मण कुशल योद्धा, अन्यायविरोधी, आदर्शवान तथा आज्ञापालक व्यक्तिका रूपमा देखिएका छन् । यस शोध शीर्षक अनुसार भानुरामायण र लोकरामायणको तुलनात्मक अध्ययन भएकोले लोकरामायणका लक्ष्मण र भानु रामायणका पात्रको चरित्र चित्रण गर्ने सन्दर्भमा लक्ष्मणको व्यक्तित्वको चित्रण पूर्वप्रसङ्गमा आइसकेकाले पुनः लक्ष्मणको चरित्रचित्रण थप यहाँ गरिएको छैन ।

त्यस्तै भानुरामायणमा लक्ष्मणको मृत्युको कुरा उल्लेख भएतापनि लोकरामायणमा लक्ष्मणको मृत्युको विषय उल्लेख गरिएको छैन ।

**आ. हनुमान**

**भानुरामायणमा हनुमान**

रामायणमा प्रयोग गरिएको विभिन्न पात्रहरू मध्ये मुख्य सहायक पात्र हनुमान हुन् । हनुमान मानवेतर पात्र भए पनि सभ्य भनाउँदो व्यक्तिमा मौलाउँदै गएको दानवता यिनमा पाइँदैन । यिनमा बल-बुद्धि, आवेग-संवेग सहयोगका भावहरू छ्याल्ब्याल् पाइन्छ । हनुमान

कसका पुत्र हुन भनेर रामायणमा उल्लेख गरिएको छैन तर हनुमान पुत्र भनेर मकरध्वजलाई उल्लेख गरिएको हुनाले हनुमान मकरध्वजका पिता हुन् । राम र सीतालाई आफ्नो छातीमा बोकेर हिंड्ने हनुमान रामका परमभक्त हुन् । आफ्नो ज्यान्को कुनै परवाह नगरी सीतालाई रावणको पञ्जावाट मुक्त गराई फिर्ता ल्याउनका लागि हनुमानले कुनै कसर बाँकी राखेका छैनन् । अजङ्गको शरीर वीर र पराक्रमी भएकाले आफ्नो बलको भरपूर प्रयोग गरेर रावणफौजलाई परास्त गरे । समुन्द्र तर्नु, लङ्का प्रवेश गर्नु, सीतालाई भेट्नु बगैचा ध्वस्त पार्नु लक्ष्मण मुर्छा परेको वेलामा द्रोणाचल पर्वत नै उठाएर ल्याउनु, कालनेमीलाई मार्नु तथा रामका सेनासँग मिलेर रावणको सेखी झार्न सफल हुनु, अहिरावणले राम लक्ष्मणलाई पातालमा बन्धक बनाएको अवस्थामा बुद्धिमतापूर्वक पातलवाट मुक्त गराउनु र हरेक ठाउँमा रहेर रामको दूतको रूपमा सहयोग गर्ने हुनमान, वीर पराक्रमी वजरंगवली पात्र हुन् ।

**लोकरामायणमा हनुमान**

पवन र अन्जनीका छोरा हनुमान रामका परम भक्त हुन् । भानुरामायणमा यिनलाई रामका मित भनेर चित्रण गरिएपनि यस लोकरामायणमा सुग्रिवसँग हनुमानले मितेरी गाँसेका छन् । आकाशमा उड्न र गदा चलाएर लड्न सिपालु सहयोगी भक्त र मित्रका रूपमा लोमरामायणमा हनुमानलाई देखाइएको छ । लोकरामायणमा हनुमान रामका भक्त, वीर योद्धा, सत् मित्र, चतुर व्यक्ति, मानवेतर पात्र हुन जसमा वीरता, विवेकशीलता जस्ता मानवीय दैवीगुणहरू देखिन्छन् ।

भानुरामायण र लोकरामायणका हनुमानमा देखिने चरित्रगत भिन्नतामा हनुमान सुग्रीवका मीत हुन् भन्ने लोकरामायणमा भए बाहेक अन्य कुनै भिन्नता देखिएको छैन । भानुरामायणका पात्रगत चित्रण गर्दा हनुमानको पात्रगत चरित्र चित्रण पूर्वप्रसङ्गमा गरिएकाले हनुमानको थप चित्रण गर्न आवश्यक ठानिएको छैन ।

**इ. सुग्रिव**

**भानुरामायणमा सुग्रिव**

रामायणमा उल्लेख गरिएका विभिन्न मानवीय एवं मानवेतर पात्र मध्ये सुग्रिव* सत् मानवेतर पात्र हो । श्रीरामको मीत तथा बालीको भाइ सुग्रिव रामले बालीलाई मारेर

* भानु रामायणमा सुग्रिव र रामलाई दुई मितका रूपमा प्रस्तुत गरिएको छ ।

आफूलाई किष्किन्धाको राज्यरोहण गरि दिएपछि आफ्ना सबै बानर फौजलाई सीताको खोजीमा लाग्न आदेश दिएको छ । हनुमानलाई सीताको खोजीमा तल्लीन भएर लाग्न आग्रह गरेको छ । बानर चरित्र हुँदाहुँदै पनि सुग्रिवले सीताको खोजीमा दिलज्यान दिएर लागेको छ । रामायणको किष्किन्धाकाण्डबाट शुरु भएको सुग्रीवको भूमिका उत्तरकाण्डमा समेत छ । रामले बालीलाई मारेपछि किष्किन्धाको राज्यरोहण गरेको सुग्रिवले बालीको काजक्रिया गरेर भातृत्वप्रेम दर्शाएको पनि छ । रामको पीरमर्का प्रति सहानुभूति प्रकट गरेर रामायणको अन्त्यसम्म साथ दिएको सुग्रिव रावण फौजसँग लडेको र आफ्नो वीरता र सहयोगी भावना दर्शाएको छ ।

रामसँग मितेरी साइनो गाँसेर सीताको खोजीमा अनन्य सहयोग गरेको सुग्रिव आफ्ना बाँदर सेनालाई रावण सेनासँग युद्ध गर्न उत्साहित पार्दै युद्ध भूमिमा होमिएकाले सुग्रिव त्यागी, सहयोगी, वीर, साहसी मानवेतर पात्र हो भनेर रामायणमा उल्लेख गरिएको छ ।

**लोकरामायणमा सुग्रिव**

लोकरामायणमा भएका विभिन्न मानवीय एवं मानवेतर पात्रमध्ये मानवीकृत पशुपात्र सुग्रीव हुन । सुग्रिव मानवेतर पात्र हुन् । तथापी यिनमा मानवीय समवेदना व्याप्त छ । सहयोगी भावनाका छन् । लोकरामायणमा सुग्रिव हनुमानका मित हुन् भने भानुरामायणमा सुग्रीव रामका मित हुन् । यस बाहेक भानुरामायणको पात्र सुग्रीव र लोकरामायणको पात्र सुग्रीवमा कुनै भिन्नता छैन ।

सुग्रिवका चरित्र चित्रणको पूर्वप्रसङ्ग भानुरामायणका पात्रको चरित्र चित्रणमा गरिएकाले भिन्नताबाहेक अन्य चित्रण पुनः यहाँ गर्न सान्दर्भिक ठहँरिंदैन ।

## ४.३ भानुरामायण र लोकरामायणको छन्दगत तुलना

### ४.३.१ भानुरामायणको लय तथा छन्द

भानुरामायणमा राम चरित्रको सम्पूर्ण कथा आख्यानलाई भानुभक्तले छन्दको माध्यमबाट अभिव्यक्त गरेका छन् । वर्णमात्रिक छन्दलाई नेपाली लोक पद्यको निकटतामा राखेर संगीतको सृष्टि गरेका छन् । रामायणमा भानुक्तले आफ्नो संगीत र छन्दचेतनालाई प्रशस्त र शसक्त रूपमा प्रयोग गरेका छन् । शास्त्रीय छन्दलाई नेपाली

मौलिक लोकलयमा खेलाउन सकेकै कारणले आजसम्म पनि भानुरामायण लोकप्रिय भई गला-गलामा टाँसिन सकेको छ । भानुभक्तले रामायणका विभिन्न ठाउँमा फरक-फरक छन्दको प्रयोग गरेका छन् । एउटै मात्र काण्डमा पनि वंशस्थ छन्द, शिखरिणी छन्द, वसन्ततिलका छन्द, मन्दाक्रान्ता छन्द र उपजाति छन्दको प्रयोग गरेर महाकाव्यको भाषालाई सुगन्धित तुल्याएका छन् ।

भानुभक्त आचार्यले रामायणका बालकाण्ड, अयोध्याकाण्ड, अरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड, युद्धकाण्ड र उत्तरकाण्डमा प्रयोग गरेका छन्द र तिनको विवरण छुट्टाछुट्टै तल प्रस्तुत गरिएको छ ।

**क. भानुरामायणको बालकाण्डमा छन्द प्रयोग**

**शार्दूलविक्रीडित छन्द**

भानुरामायणको बालकाण्डमा भानुभक्त आचार्यले श्लोक १ देखि श्लोक ६५ सम्म शार्दूलविक्रीडित छन्दको प्रयोग गरेका छन् । त्यस्तै ६७ श्लोक देखि १३९ औँ श्लोकसम्म पनि शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । श्लोकको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू छन् । शार्दूलविक्रीडित छन्दको नियमानुसार बाह्रौ र उन्नाइसौँ वर्णमा यति विधान भएको छ ।

उदाहरण :

एक् दिन् नारद सत्यलोक् पुगि गया * लोक्को गरुँ हित् भनी ।
ब्रह्मा ताहिं थिया पऱ्या चरणमा * खूसी गराया पनि ॥
क्यासोध्छौ तिमी सोध भन्छु म भनी * मर्जी भयथ्यो जसै ।
ब्रह्माको करुणा बुझेर ऋषिले * बिन्ती गऱ्या यो तसै ॥

(रामायण : बालकाण्ड : १)

* चिन्हमा पहिलो यति (बाह्रौ अक्षरमा)

त्यस्तै रामायणको बालकाण्डमा ६६ औँ श्लोकमा वंशस्थ छन्दको पनि प्रयोग गरिएको छ । यो श्लोकको प्रत्येक पाउँमा १२-१२ वर्णहरू छन् । यति विधान पाँचौ र बाह्रौ वर्णमा गरिएको छ ।

**उदाहरण :**

राम् हुन् परात्मा ति कहाँ विकारी ।
यस् लोकमा छन् नररूपधारी ॥
काम् गर्न लाग्या ति नरै सरीका ।
लीला अपार् छन् भगवान् हरीका ॥

(रामायण : बालकाण्ड : ६६)

**ख. अयोध्याकाण्डमा छन्द प्रयोग**

भानुभक्त आचार्यले रामायणको अयोध्याकाण्डमा शार्दूलविक्रीडित छन्द, वंशस्थ छन्द, शिखरिणी छन्दको प्रयोग गरेका छन् । अयोध्या काण्डमा भएको छन्दगत प्रयोगको विवरण यस्तो छ ।

**शार्दूलविक्रीडित छन्द :** यसको प्रयोग अयोध्या काण्डमा पहिलो श्लोकदेखि २३ औँ श्लोकसम्म, ३१ औँ श्लोकदेखि ७७ औँ श्लोकसम्म, ८६ औँ श्लोक देखि ९२ औँ श्लोकसम्म, १११ औँ श्लोकदेखि १२२ औँ श्लोकसम्म गरिएको छ ।

उदाहरण :

वाणीले ति भुलाइयकि छैदि लौ * भन्दी भइन् कैकेयी ।
राम्लाई वनवास् भरत् कन रजाइँ * माग्छु म चाँडो गरी ॥
द्वी वरले जब काम सिद्ध गरुँला * द्यूँला सये गाउँ भनिन् ।
बीदा दी घर मन्थरा कन फिराइ * रिस् गर्न लाग्दी भइन् ॥

(रामायण : अयोध्याकाण्ड : १५)

**शिखरिणी छन्द :** यसको प्रयोग अयोध्या काण्डको २४ औँ श्लोकदेखि ३० औँ श्लोकसम्म, ७८ औँ श्लोकदेखि ८५ औँ श्लोकसम्म, ९३ औँ श्लोक र १०६ औँ श्लोकदेखि ११० औँ श्लोकसम्म प्रयोग गरिएको छ । प्रत्येक पाउमा १७-१७ वर्ण भएको यस छन्दमा छैटौ र सत्रौं वर्णमा यति विधान छ ।

**उदाहरण :**

सुन्यौ भाइ ! संसार्मा शरिर अति कच्चा छ जनको ।
शरीर कच्चा जानी नगर तिमी रिस् कत्ति मनको ॥
सबै भोग् चञ्चल् छन् बिजुलि सरि एक्छिन् न रहन्या ।

विचार् यस्तो राखी सहु तिमी बडो हुन्छ सहन्या ॥

(रामायण : अयोध्याकाण्ड : ३०)

**वंशस्थ छन्द :** यो छन्दको प्रयोग अयोध्या काण्डको ९४ औं र ९५ औं श्लोकदेखि १०५ औं श्लोकसम्म गरिएको छ । यी श्लोकका प्रत्येक पाउमा १२-१२ वर्णहरू छन् पाँचौ र बाह्रौ वर्णमा यति विधान छ ।

उदाहरण :

ख्वामित् ! हजुर्को म त दास पो हूँ ।

यो राज्य गर्ना कन योग्य को हूँ ॥

यो गादि ता याहिं हजूरको हो ।

मैले त सेवा गरि बस्नू पो हो ॥

(रामायण : अयोध्याकाण्ड : ९४)

**बसन्ततिलका छन्द :** यो छन्दको प्रयोग अयोध्या काण्डको अन्तिम श्लोक १२३ औं श्लोकमा गरिएको छ । यो श्लोकका प्रत्येक पाउमा १४-१४ वर्णहरू छन् । आठौं र चौधौं वर्णमा यति विधान गरिएको छ ।

उदाहरण :

सीता र लक्ष्मण सहित् गरि रामलाई ।

भोजन् म दिन्छु भनि खुप् सित चिज् बनाई ॥

भोजन् गराइ रघुनाथकि जानि माया ।

ताहाँ सपत्नि भइ रामकि कीर्ति गाया ॥

(रामायण : अयोध्याकाण्ड : १२३)

### ग. अरण्यकाण्डमा छन्द प्रयोग

भानुभक्त आचार्यले रामायणको अरण्यकाण्डमा शार्दूलविक्रीडित छन्द, बसन्ततिलका छन्द, शिखरिणी छन्दको प्रयोग गरेका छन् । अरण्यकाण्डमा भएको छन्दगत प्रयोगको विवरण यस्तो छ ।

**शार्दूलविक्रीडित छन्द :** यसको प्रयोग अरण्यकाण्डमा पहिलो श्लोकदेखि १७ औं श्लोकसम्म र ८७ औं श्लोकदेखि अन्तिम श्लोक १२२ श्लोक सम्म गरिएको छ ।

**उदाहरण :**

भन्छन् लक्ष्मणलाई भाइ ! तिमीले * देख्यौ कहाँको कुचाल् ।

अर्को आइ जिती लिऐछ बिचमा * मैले त देख्याँ कुचाल् ॥

येती बात्गरी राम् अलिक् परगया * देख्छन् त पल्टीरही ।

चिन्नैलाई कठिन् जटायुकन ता * दूवै पखेटा गई ॥

(रामायण : अरण्यकाण्ड : ९८)

**बसन्ततिलका छन्द :** यो छन्दको प्रयोग अरण्यकाण्डको २० औँ श्लोकदेखि ८६ औँ श्लोक सम्म गरिएको छ ।

उदाहरण :

डेरा पऱ्यो प्रभुजिको तहिं बीच वन्मा ।

एकान्त देखि कन हर्ष भयो र मन्मा ॥

आनन्दपूर्वक रह्या रघुनाथ ताहीँ ।

आर्को त आश्रम नजीक थिएन काहीं ॥

(रामायण : अरण्यकाण्ड : २६)

**शिखरिणी छन्द :** यो छन्दको प्रयोग अरण्यकाण्डको १८ औँ श्लोक र १९ औँ श्लोकमा गरिएको छ ।

**उदाहरण :**

प्रभूका साथैमा पछि-पछि सुतीक्ष्णै पनि गया ।

अगस्तीका भाई सित पुगि त एकरात् प्रभु रह्या ॥

ति अग्नीजिह्वा खुप् खुसि पनि भया ईश्वर भनी ।

चिह्नी ताहाँ तिन्ले विधि सित गऱ्या पूजन पनि ॥

(रामायण : अरण्यकाण्ड : १८)

**घ. किष्किन्धाकाण्डमा छन्द प्रयोग**

किष्किन्धाकाण्डमा, शार्दूलविक्रीडित छन्द, शिखरिणी छन्द र वसन्ततिलका छन्दको प्रयोग गरिएको छ । किष्किन्धाकाण्डमा भएको छन्दगत प्रयोगको विवरणलाई यसरी हेर्न सकिन्छ ।

**शार्दूलविक्रीडित छन्द :** शार्दूलविक्रीडित छन्दको प्रयोग किष्किन्धाकाण्डको पहिलो श्लोकदेखि ६५ औं श्लोकसम्म र ७७ औं श्लोकदेखि १४३ औं श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

हे ताराजि विचार् न राखि तिमिले * शौकै कती गर्दछ्यौ ।
यो मेरो पति हो भनेर न बुझि * व्यर्थै शरिर् हर्दछ्यौ ॥
जीवै हो पनि भन्दछ्यौ पनि भन्या * मर्दैन जीव् ता कहीं ।
देहै हो पनि भन्दछ्यौ त किन शोक् * गछ्यौ छ ऊ ता यहीं ॥

(रामायण : किष्किन्धाकाण्ड : ६२)

**शिखरिणी छन्द :** शिखरिणी छन्दको प्रयोग किष्किन्धाकाण्डको ६६ औं श्लोकदेखि ७१ औं श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

शरिर् मै हुँ मेरै धनजनहरू हुन् भनि जसै ।
पऱ्यो मन्का खेल्मा तब फजिति मिल्छन् बुझ यसै ॥
विना सत्का सङ्ले विनु गुरु कृपाले इ फजिती ।
अवश्यै छुट्तैनन् सकल मनका खेल नजिती ॥

(रामायण : किष्किन्धाकाण्ड : ७१)

**बसन्ततिलका छन्द :** यो छन्दको प्रयोग किष्किन्धाकाण्डको ७२ औं श्लोकदेखि ७६ औं श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

उस् जन्ममा अधिक भक्ति गऱ्यौ र ऐल्हे ।
दर्शन् दियाँ नतर झट्ट म मिल्छु कैल्हे ॥
मेरो स्वरूप र इ बचन अब सम्झि लीया ।
छुट्नन् ति दुःख तिमीलाई जती त थीया ॥

(रामायण : किष्किन्धाकाण्ड : ७२)

## ङ. सुन्दरकाण्डमा छन्द प्रयोग

भानुभक्त आचार्यले रामायणको सुन्दरकाण्डमा शार्दूलविक्रीडित छन्द, बसन्ततिलका छन्द र मन्दाक्रान्ता छन्दको प्रयोग गरेका छन् । सुन्दरकाण्डमा भएको छन्दको प्रयोगको विवरणलाई यसरी देखाइएको छ ।

**शार्दूलविक्रीडित छन्द :** यो छन्दको प्रयोग सुन्दरकाण्डको पहिलो र दोस्रो श्लोक, ४ औँ श्लोकदेखि १५ औँ श्लोकसम्म, २० औँ श्लोकदेखि २४ औँ श्लोकसम्म, २६ औँ श्लोकदेखि २९ औँ श्लोकसम्म, ३१ औँ श्लोकदेखि ४१ औँ श्लोकसम्म, ४३ औँ श्लोकदेखि ५९ औँ श्लोकसम्म, ६३ औँ श्लोकदेखि ६६ औँ श्लोकसम्म, ७२ औँ र ७३ औँ श्लोक, ७७ औँ श्लोकदेखि ८१ औँ श्लोकसम्म, ८५ औँ श्लोक, ९० औँ श्लोकदेखि ९५ औँ श्लोकसम्म, ९७ औँ श्लोकदेखि १०९ औँ श्लोकसम्म, ११३ औँ श्लोकदेखि ११८ औँ श्लोकसम्म, १२० औँ श्लोकदेखि १२१ औँ श्लोकसम्म, १२४ औँ श्लोकदेखि १२७ औँ श्लोकसम्म, १२९ औँ श्लोकदेखि १४९ औँ श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

भोकी मैलि निन्याउरी  न त कपाल * कोर्‍याकि सब केश् उसै ।
लट्टा मात्र गर्‍याकि खालि भुमिमा * रुँदै बस्याकी यसै ॥
राम् राम् राम् यति मात्र बोलिरहँदी * देख्या र साना भई ।
पात्का अन्तरमा लुक्या ति हनुमान * रुख्का उपर्मा गई ॥

(रामायण : सुन्दरकाण्ड : ३१)

**मन्दाक्रान्ता छन्द :** मन्दाक्रान्ता छन्दको प्रयोग सुन्दरकाण्डको १६ औँ श्लोकदेखि १९ औँ श्लोकसम्म गरिएको छ । प्रत्येक पाउमा १७-१७ अक्षर छन् । चारौ, दसौं र सत्रौ वर्णमा यति विधान हुन्छ ।

**उदाहरण :**

वरिपरि तहिं तीरैमा छन् पनि वृक्ष फलफूल ।
जउन वनमहाँ घेर् गर्दछन् पंक्षिले गुल ॥
भ्रमरहरू लताका फूलमा हल्लि-हल्ली ।
घुनुनु घुनुनु गर्दै हिंड्दछन् बल्लि बल्ली ॥

(रामायण : सुन्दरकाण्ड : १६)

**वसन्ततिलका छन्द :** यो छन्दको प्रयोग सुन्दरकाण्डको तेस्रो श्लोक, २५ औं श्लोक, ३० औं श्लोक, ४२ औं श्लोक, ६० औं श्लोकदेखि ६२ औं श्लोकसम्म, ६७ औं श्लोकदेखि ७१ औं श्लोकसम्म, ७४ औं श्लोकदेखि ७६ औं श्लोकसम्म, ८२ औं श्लोकदेखि ८४ औं श्लोक सम्म, ८६ औं श्लोकदेखि ८९ औं श्लोकसम्म, ९६ औं श्लोक, ११० औं श्लोकदेखि ११२ औं श्लोकसम्म, ११९ औं श्लोक, १२२ औं र १२३ औं श्लोक, १२८ औं श्लोक, १३० औं श्लोक, १४७ औं श्लोक, १५३ औं र १५४ औं श्लोकमा गरिएको छ ।

**उदाहरण :**

धन्यै भयाँ म अहिले प्रभुको समरण् भो ।
संसारको भय छ जो उ त आज दूर् भो ॥
जस्तो मिल्यो मकन सँग र भक्ति ऐल्हे ।
यस्तो रहोस् यहि म पाउँ न बिर्सु कैल्हे ॥

(रामायण : सुन्दरकाण्ड : २५)

## च. युद्धकाण्डमा छन्द प्रयोग

भानुभक्त आचार्यले रामायणको युद्धकाण्डमा शार्दूलविक्रीडित छन्द, वसन्ततिलका छन्द, शिखरिणी छन्द र वंशस्थ छन्दको प्रयोग गरेका छन् । युद्धकाण्डमा भएको छन्दगत प्रयोगको विवरण यसप्रकार छ ।

**शार्दूलविक्रीडित छन्द :** यो छन्दको प्रयोग रामायणको दोस्रो श्लोकदेखि १० औं श्लोकसम्म, १२ औं, १३ औं श्लोक, १५ औं श्लोकदेखि २१ औं श्लोकसम्म, ३० औं श्लोकदेखि ३३ औं श्लोकसम्म, ३७ औं श्लोकदेखि ४८ औं श्लोकसम्म, ५० औं श्लोकदेखि ५२ औं श्लोकसम्म, ५४ औं श्लोकदेखि ७६ औं श्लोकसम्म, ७८ औं र ७९ औं श्लोक, ८१ औं श्लोकदेखि १०६ औं श्लोकसम्म, ११० औं श्लोकदेखि ११५ औं श्लोकसम्म, ११७ औं श्लोकदेखि १६४ औं श्लोकसम्म, १६६ औं र १६७ औं श्लोक, १६९ औं श्लोकदेखि १७१ औं श्लोकसम्म, १७८ औं श्लोकदेखि १८० औं श्लोकसम्म, १८५ औं श्लोकदेखि १९३ औं श्लोकसम्म, १९५ औं श्लोकदेखि १९८ औं श्लोकसम्म, २०० औं श्लोकदेखि २०३ औं श्लोकसम्म, २०८ औं श्लोकदेखि २१४ औं श्लोकसम्म गरिएको छ । त्यस्तै युद्धकाण्डकै श्रीसती सुलोचनाको पहिलो श्लोकदेखि १३ औं श्लोकसम्म, १६ औं श्लोकदेखि २० औं श्लोकसम्म र २६ औं श्लोकदेखि ८७ औं श्लोकसम्म प्रयोग गरिएको छ ।

नारान्तक बधको पहिलो श्लोकदेखि ११५ औँ श्लोकसम्म, ११८ औँ श्लोकदेखि १२५ औँ श्लोकसम्म, अहिरावण बधको पहिलो श्लोकदेखि ३९ औँ श्लोकसम्म, २१५ औँ श्लोक, २२१ औँ श्लोकदेखि २४१ औँ श्लोकसम्म, २४३ औँ श्लोक, २४५ औँ श्लोकदेखि २४९ औँ श्लोकसम्म, २५१ औँ श्लोकदेखि २७८ औँ श्लोकसम्म, २८० औँ श्लोकदेखि ३०९ औँ श्लोकसम्म, ३११ औँ श्लोकदेखि ३१८ औँ श्लोकसम्म, ३२३ औँ श्लोकदेखि ३२६ औँ श्लोकसम्म, ३२९ औँ श्लोकदेखि ३७५ औँ श्लोकसम्म, ३७८ औँ श्लोक, ३८० औँ श्लोक र ३८१ औँ श्लोकमा शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ ।

**उदाहरण :**

श्रीराम्‌चन्द्रजिको हुकुम् यति हुँदा * ल्याया विभीषण् पनि ।
पौंचाया रघुनाथको हजुरमा * ल्याई ईनै हुन भनी ॥
श्रीराम्‌चन्द्रजिको विभीषणजिले * पाया र दर्शन तहाँ ।
खुप् साष्टांग गरी प्रणाम पनि गरे * पस्रेर पृथ्वीमहाँ ॥

(रामायण : युद्धकाण्ड : ५४)

**मन्दक्रान्ता छन्द :** यो छन्दको प्रयोग युद्धकाण्डको अहिरावण बधको ४० औँ श्लोकमा गरिएको छ ।

**उदाहरण :**

आज्ञा राम्रो गरि दरमहाँ रामले शान्ति दिए ।
साराको दुःख पीडा भय सहज हरे शान्तिको सासलिए ॥
द्यौता देवी नभचरहरू त्यो तमाशा निहारी ।
थाले वर्षा गर्न प्रभुमा फूलका राश भरी ॥

(रामायण : युद्धकाण्ड - अहिरावण बध : ४०)

**बसन्ततिलका छन्द :** यो छन्दको प्रयोग युद्धकाण्डको पहिलो श्लोक, २२ औँ श्लोकदेखि २९ औँ श्लोकसम्म, ३४ औँ श्लोकदेखि ३६ औँ श्लोकसम्म, ४९ औँ श्लोक, ५३ औँ श्लोक, ७७ औँ श्लोक, ८० औँ श्लोक, १०७ औँ श्लोकदेखि १०९ औँ श्लोकसम्म, ११६ औँ श्लोक, १६५ औँ श्लोक, १६८ औँ श्लोक, १७२ औँ श्लोकदेखि १७७ औँ श्लोकसम्म, १८० औँ श्लोकदेखि १८४ औँ श्लोकसम्म, १९९ औँ श्लोक, २०४ औँ श्लोकदेखि २०७ औँ श्लोकसम्म, २१७ औँ श्लोकदेखि २२० औँ श्लोकसम्म, २४२ औँ श्लोक, २४४ औँ श्लोक,

२५० औँ श्लोक, २७९ औँ श्लोक, ३१० औँ श्लोक, ३१९ औँ श्लोकदेखि ३२२ औँ श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

लंकापुरी सकल खाग् गरि सैन्य मारी ।
फेरी समुद्र सहजै तरि आई वारि ॥
सीताजिको जब सबै समचार् बताया ।
श्रीरामले ति हनुमान् कन खुप् सह्राया ॥

(रामायण : युद्धकाण्ड : १)

**शिखरिणी छन्द :** शिखरिणी छन्दको प्रयोग युद्धकाण्डको श्रीसती सुलोचनाको १४ औँ श्लोक, १५ औँ श्लोक र २१ औँ श्लोक देखि २६ औँ श्लोकसम्म गरिएको छ । त्यस्तै तारान्तक बधको ११६ औँ र ११७ औँ श्लोकमा पनि यो छन्दको प्रयोग गरिएको छ ।

**उदाहरण :**

सुन्यौ भाई संसार्मा शरिर अति प्रेमी छ जनको ।
सदा प्रेम्का पास्मा रहिरहि विकार त्याग्छ मनको ॥
सबैभन्दा ठूलो जगतभरमा प्रेम बुझ्नु ।
छ प्रेमैको सारा वश जगत सो सत्य बुझ्नु ॥

(रामायण : युद्धकाण्ड - नारान्तक बध : ११६)

**बंशस्थ छन्द :** बंशस्थ छन्दको प्रयोग युद्धकाण्डको १९४ औँ श्लोक र २१६ औँ श्लोकमा गरिएको छ ।

**उदाहरण :**

ईश्वर तिमी हौ रघुनाथ् इ भाई ।
लक्ष्मण त शेष् हुन् करुणा जनाई ॥
भूभार हर्ना कन जन्म लियौ ।
यो रूप भजन गर्न बनाइ दीयौं ॥

(रामायण : युद्धकाण्ड : १९४)

## छ.  उत्तरकाण्डमा छन्द प्रयोग

भानुभक्त आचार्यले रामायणको उत्तरकाण्डमा शार्दूलविक्रीडित छन्द, बसन्ततिलका छन्द र वंशस्थ छन्दको प्रयोग गरेका छन् । उत्तरकाण्डमा भएको छन्दगत प्रयोगको विवरण यसप्रकार छ ।

**शार्दूल विक्रीडित छन्द :** यो छन्दको प्रयोग उत्तरकाण्डको पहिलो श्लोकदेखि छैटौं श्लोक सम्म, ८ औँ श्लोकदेखि २६ औँ श्लोकसम्म, २९ औँ श्लोकदेखि ३६ औँ श्लोकसम्म, ३८ औँ श्लोकदेखि ६५ औँ श्लोकसम्म, ६७ औँ श्लोकदेखि ७९ औँ श्लोकसम्म, ८१ औँ श्लोकदेखि ९२ औँ श्लोकसम्म, ९४ औँ र ९५ औँ श्लोक, ९७ औँ श्लोकदेखि ११८ औँ श्लोकसम्म, १२० औँ श्लोकदेखि १६२ औँ श्लोकसम्म, १६४ औँ श्लोक, १६६ औँ श्लोकदेखि १७१ औँ श्लोकसम्म, १७४ औँ श्लोकदेखि २०३ औँ श्लोकसम्म, २०५ औँ श्लोकदेखि २११ औँ श्लोकसम्म, २१८ औँ श्लोकदेखि २४३ औँ श्लोकसम्म, २५१ औँ श्लोकदेखि २५७ औँ श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

यै आत्मा किन चिन्हु पर्छ गुरुका * वेद्का वचन्ले गरी ।
आत्मालाई चिन्ह्यो भन्या बुझिलिनू * त्यो मुक्त भो तेस् घरी ॥
तस्मात् आत्मविचार गर्नु जनले * यस् रूपका हुन् भनी ।
अज्ञान नष्ट गराउना कन अवर * छैनन् उपायै पनी ॥

(रामायण : उत्तरकाण्ड : १४०)

**वसन्ततिलका छन्द :** यो छन्दको प्रयोग उत्तरकाण्डको सातौं श्लोक, २७ औँ श्लोक, २८ औँ श्लोक, ३७ औँ श्लोक, ६६ औँ श्लोक, ८० औँ श्लोक, ९३ औँ श्लोक, ११९ औँ श्लोक र १६३ औँ श्लोकमा गरिएको छ ।

**उदाहरण :**

माया छ यो सब जगत् भनि नित्य जानी ।
आनन्द यस् विषयमा रतिभर् नमानी ॥
मेरो भजन् गरी रहोस् सब पाप हर्न्या ।
येही उपाय छ सहज् सित पार तर्न्या ॥

(रामायण : उत्तरकाण्ड : २८)

**वंशस्थ छन्द** : यो छन्दको प्रयोग उत्तरकाण्डको ९६ औं श्लोक, १६५ औं श्लोक, १७२ औं श्लोक, १७३ औं श्लोक, २०४ औं श्लोक र २१२ औं श्लोकदेखि २१७ औं श्लोकसम्म गरिएको छ ।

**उदाहरण :**

त्यस्तै सुमित्रा दशरथ्कि रानी ।
संसारका सोख् पनि तुच्छ जानी ॥
प्रारब्धका बन्धनलाई तोडी ।
पौंचिन् पती थ्यैं यहिं देह छोडी ॥

(रामायण : उत्तरकाण्ड : २०४)

### ४.३.२ लोकरामायणको लय तथा छन्द

नेपाली लोक जीवनले मौखिक रूपमा जीवित राखेको लोपोन्मुख लोक साहित्यिक विधा लोकरामायण जुन कुसुमाकर न्यौपानेले प्रस्तुत गरेका हुन् । यसमा भानु रामायणमा झैँ फरक-फरक छन्दको प्रयोग गरिएको पाइँदैन । लोकरामायणको आदि देखि अन्त्यसम्म एउटै छन्द प्रयोग गरिएको पाइन्छ । लोकरामायणको स्रोत पौराणिक रामायण भएतापनि लोकले यसलाई आफ्नो जीब्रोको अनुकूल लयमा बचाई राख्यो । यदि लोकरामायण शास्त्रीयतावादी छन्दको जडतामा बाँधिएको हुँदो हो त यो आजसम्म नरहेको हुन पनि सक्थ्यो । लोकले लोकरामायणलाई आफ्नै अलिखित साहित्यको रूपमा आजसम्म आफ्नो गलामा बचाएर राख्यो त्यो नै लोकको सराहनीय काम हो जस्तो लाग्छ ।

लोकरामायणमा नेपाली लोक जीवनमा प्रचलनमा रहेका जातीय लोक छन्द मध्येको प्रसिद्ध छन्द सवाई छन्दको प्रयोग गरिएको छ । सवै काण्डहरूमा सवाई छन्दकै प्रयोग गरिएको छ । प्रत्येक पाउमा चौध-चौध अक्षर हुने सवाइ छन्दको आठौँ र चौधौं अक्षरमा ठूलो विश्राम लिइन्छ । यही चौध अक्षरे सवाई छन्द यस लोकरामायणमा सबै रिटक र अन्तरामा प्रयोग भएको छ । सबै काण्डहरूमा एउटै छन्द र एउटै लयमा निरन्तर गाइनु यो लोकरामायणको छन्द लयगत पहिचान हो भन्न सकिन्छ । विभिन्न काण्डहरूमा प्रयुक्त लोकरामायणमा प्रस्तुत गरिएका सवाई छन्दका केही श्लोक-पंक्तिहरू यस प्रकार छन् ।

**उदाहरण : १**

भारी भयो पृथिवीलाई * रामुन्नका पाप्ले ।

रुन गइन् बिस्नुसँग * दुःखीका स्वभाव्ले ॥१॥

(लोकरामायण : बालकाण्ड)

[*]लोक रामायणमा यतिको ठाउँमा यो चिन्ह (*) प्रयोग गरिएको छ ।

**उदाहरण : २**

कौशिलाले काख्मा राखी * खाने कुरा दिंदा ।

खान्न यामा खाइसके * चाडै दिनुस् बिदा ॥९॥

(लोकरामायण : अयोध्याकाण्ड)

**उदाहरण : ३**

भैया तिम्रा सुबुद्धिलाई * म सधैं प्रसन्न ।

आम्ला चौध वर्ष बिताई * म ऐले फर्कन्न ॥४५॥

(लोक रामायण : अयोध्याकाण्ड)

**उदाहरण : ४**

राम लागे मृग पछि * लछुमन बसे चौकिदार् ।

बाणले हान्दा छलेर बोल्यो * मोरे लछुमन् भाइ गुहार् ॥२८॥

(लोक रामायण : अरण्यकाण्ड)

**उदाहरण : ५**

बाली आयो सुग्रिबसित * लड्नको तर्जन ।

छाडे राम्ले बाण यायो * छातीमा बज्रन ॥१२॥

(लोक रामायण : किष्किन्धाकाण्ड)

**उदाहरण : ६**

जगत निसाचर प्राणी जगतमा * घटघट रामको शक्ति ।

मार्दै याए अधर्मीलाई * तार्दै याए भक्ति ॥४२॥

(लोक रामायण : सुन्दरकाण्ड)

---

[*] लोक रामायणमा यतिको ठाउँमा यो चिन्ह (*) प्रयोग गरिएको छ ।

**उदाहरण : ७**

स्याबास् हनुमान् भेटेर यायौ * कस्ता छन् हाम्रा जोरी ?

कस्तो छ पर्वत् सात समुन्द्र ? * कस्तो छ लङ्कापुरी ? ॥२॥

(लोकरामायण : युद्धकाण्ड)

**उदाहरण : ८**

लोकले अपबाद् रामले सुन्दा * त्यागेर बन्मा परी ।

बन्मा रुँदा बाल्मिकीले पाए * सीता यिनै हुन् भनी ॥२९॥

(लोक रामायण : उत्तरकाण्ड)

त्यस्तै ठाउँठाउँमा रामगानको भजन पनि प्रस्तुत गरिएको छ, लोक रामायणमा ।

सम्झेर लेऊ न म ऽ न * रामको भजन

सम्झेर लेऊ न म ऽऽ न * रामको भजन ऽऽ

रामको भज ऽऽ न * को होला सज्जन ?

रामको भज ऽऽ न * को होला सज्जन ?

सम्झेर लेऊ न म ऽऽ न * रामको भजन

सम्झेर लेऊ न म ऽऽ न * रामको भजन ऽऽऽ

(लोक रामायण : उत्तरकाण्ड : पृ.६७)

## ४.४ भानु रामायण र लोक रामायणको शैलीगत तुलना

### ४.४.१ भानु रामायणमा शैली

भानुभक्तले भावानुवाद गरेको रामायणमा सरल काव्यिक भाषाको प्रयोग भएको छ । सरल नेपाली भाषा शिष्ट शैलीमा काव्यका अंशहरूमा प्रस्तुत भएको छ । रामायणको आदिदेखि अन्त्यसम्म वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । कोही ठाउँमा संवादात्मक शैली पनि भेटिन्छ । कुनै ठाउँमा संवादलाई वर्णनात्मक तरिकाले व्याख्या गरिएको छ । कवितामा कथानक सल्बलाइरहेको छ । भानु रामायणमा प्रयोग गरिएको वर्णनात्मक शैलीको श्लोक यस्तो छ ।

**उदाहरण :**

कैलाश्मा भगवान् सदाशिव थिया * ध्यानमा बहुत मन् दिई ।

वाम काखमा बहुतै पियारि हितकी * श्री पार्वतीजी लिई ॥

एकदिन् पार्वतीले तहीं शिवजी थ्यैं * सोधिन चरण्मा परी ।

आफू ता सब जान्दथिन् तर दया * सम्पूर्ण लोकमा गरी ॥२४॥

(रामायण : बालकाण्ड)

धीरा भै रहनू विपत्ति संहनू * कस्तै परुन ता पनी ।

कैल्है मोह विषे न पर्नु जनले * मिथ्या छ संसार् भनी ॥

यस्तै बात सुनी रात् बित्यो गुहजिको * राम्का नजीक्मा रही ।

गङ्गा तर्ने हुकुम भयो प्रभुजिको * ताहाँ उज्यालो भई ॥५८॥

(रामायण : अयोध्याकाण्ड)

रामायणको प्रस्तुतिको शैली प्राय ठाउँमा वर्णनात्मक शैली भएतापनि कुनै - कुनै ठाउँमा संवादात्मक शैलीको पनि प्रयोग गरिएको छ ।

**उदाहरण :**

राम : हे भाइ ! गर्छौ किन आज जिद्धी ।
फिर्नु असल छैन रि कामन सिद्धी ॥
जान्छू म वनमा तिमी फर्कि जाऊ ।
तेस राज्यको काम तिमिले चलाऊ ॥

भरत : इ बात भरतले जब सुन्न पाया ।
फेरी चरणमा परि बिन्ति लाया ॥
हेनाथ ! पिता हुन् मतिहिन् भयाका ।
स्त्रीकात सार्है वशमा पऱ्याका ॥

(रामायण : अरण्यकाण्ड : ९८-१००)

हनुमान : हे माता ! म त दास हूँ हजुरको * रामका हुकुमले गरी ।
आयाको हु हजुरका खबरमा * गम्भिर समुन्द्रै तरी ॥

राजा सुग्रिवको म मन्त्रि पनि हूँ * वायू पिता हुन् भनी ।

येती बिन्ति गरेर चुप् भइरह्या क्या हुन्छ मर्जी पनि ॥

सीता : सीताजी भन्दछिन् कसरियो * जानूँ म मानिस पनी ।

वानरसीत् मित्यारी लाउँछ कतै * क्या हुन् कुराको जनी ॥

(रामायण : सुन्दरकाण्ड : ६४-६५)

त्यस्तै रामायणको सुन्दरकाण्डमा हनुमान र रावणको पनि संवाद भएको देखाइएको छ ।

**उदाहरण :**

हनुमान : यस्तो मूर्खपना नली अब सीता * सुम्पी शरणमा तँ पर् ।
खुस् हुनन् रघुनाथ शरण परिगया * यो दुष्ट चाला नगर् ॥
रामको भक्ति गरैन ता कसरि यो * संसार तर्ला उसै ।
पर्ला जन्मनु मर्नु यै फजितिमा * छुट्तैन यो पाप कसै ॥
यो जानीकन भक्ति गर् शरण पर् * रामको हजूरमा गई ।
आफ्नू आत्म नरक विषे नलइजा * यस्तो तँ जान्या भई ॥
सीताराम सितको विरोध गरि तँ हेर् * गिर्लास् नरक्मा पनी ।
फेर् उत्तीर्ण हुनु कठिन छ बुझिले * अर्ती दियाँ यो पनी ॥

रावण : मेरो डर् रतिभर् नराखि बहुतै * क्या बोल्छस् रे यहाँ ।
राम लक्ष्मण दुई भाइलाई सहजै * मार्छु म छोड्छु म कहाँ ॥
सुग्रीव्लाई तँलाई मार्छु पछि फेर् * मार्छु सिताजी पनि ।
राम् लक्ष्मण् सित क्या डराउँछुरकी * मार्नन् मलाई भनी ॥

हनुमान : यसरि किन बहुतै गर्दछस् सेखि धेरै ।
प्रभु कन त परै राख् जोरि छैनस् तँ मेरै ॥
अघि सरुँ त तँ जस्ता कोटि रावण म मारुँ ।
हुकुम त न भयाको मार्न पो आज क्यारुँ ॥

(रामायण : सुन्दरकाण्ड : १५-१६-१७-१८-१९)

भानु रामायणमा तत्सम, तद्भव शब्दका साथै काव्यिक भाषाको प्रयोग भएको छ । वर्णनात्मक, संवादात्मक र आत्मपरक शैली तथा सरल नेपाली भाषाको प्रयोग गरिएको छ ।

र मौलिक लेखनको शैलीलाई भानुभक्तले रामायणमा प्रयोग गरेका हुनाले रामायण लोकप्रिय रहन सकेको हो । त्यस्तै रामायणको युद्ध काण्डमा फरक-फरक शीर्षक छुट्याएर कथावस्तुको वर्णन गरिएको छ ।

### ४.४.२ लोक रामायणमा शैली

लोकरामायणमा आदिदेखि अन्त्यसम्म विषयको वर्णन मात्रै गरिएको छ । त्यो वर्णन कुनै स्पष्ट खालको छ भने कुनै सांकेतिक खालको छ । स्पष्ट खालको वर्णनमा विषयलाई स्पष्ट पार्दै लगिएको छ भने साङ्केतिक वर्णनमा विषयलाई संकेत मात्र गर्दै घटनालाई अगाडि बढाइएको छ । यस रामायणको आरम्भमा आफूलाई भारी भएका कुरा पृथ्वीले भगवान्सित भनेको र भगवानले पृथ्वीलाई विश्वस्त तुल्याइएको वार्ताको वर्णन गरिएको छ । (न्यौपाने, पूर्ववत पृ.९३ ।)

(बालकाण्ड : १-६) यस रामायणका प्रत्येक काण्डमा वर्णनात्मक शैलीको नै बाहुल्य रहेको छ ।

लोकरामायणमा वर्णनात्मक शैलीको आडमा लहराउँदै आएको अर्को शैली संवादात्मक शैली हो । संवादात्मक शैली प्रयोगका उदाहरणहरू यस प्रकार छन् ।

जनक : जसले तोड्ला शिवको धनु * उसईलाई दिम्ला सीता ।

राम : राम आए जनकपुर्मा * बिचार गरौं कि त ॥

(लोकरामायण : बालकाण्ड : १६)

दशरथ : जो जति भन्छेउ सो तती दिम्ला * नदेखाऊ तिम्रो हत्ते ।

याफ्ना मनले दर्द खुलाई * सम्भ्रेर साँचो सत्ते ॥

कैकेयी : दुइटै बरदान् आज नपाउँदा * क्रोधित भो मेरो मन्मा ।

भरत्लाई राज्जेधानी * रामलच्छुमन्लाई वन्मा ॥

(लोकरामायण : अयोध्याकाण्ड : ६-७)

भरत : दुनु पाउ कर जोरी * भरतले सिर्मा ।

निर्मयाँले छाड्नुभयो * जानुपर्छ घर्मा ॥

राम : फिर्ता गर्ने जिद्धी नगर * नरौ न धर्केर ।

जाऊ न तिम्रो राज्ये गर * म जान्न फर्केर ॥

(लोकरामायण : अयोध्याकाण्ड : ३८, ४१)

यसरी प्रस्तुत रामायणमा जनक र राम, दशरथ र कैकेयी, राम र कौशल्या, लक्ष्मण र राम, राम र सीता, भरत र राम, शूपर्णखा र राम, सीता र हनुमान, राम र हनुमान आदिको बीचमा संवाद भएको छ । तत्सम, तद्भव, आगन्तुक शब्दका साथै लोकभाषाको मिश्रित प्रयोग भएको छ । गायनका क्रममा प्रत्येक काण्डको आरम्भ र अन्त्यमा स्थायी वा रिटक र माझमा अन्तरा गाउने शैली यसको गायनगत शैली हो । यस्तै अनुप्रास लगायतका शब्दालङ्कार र अतिशयोक्ति लगायतका अर्थालङ्कार अनि विम्वात्मक अभिव्यक्ति शैलीको प्रयोग समेत यसमा भएको पाइन्छ । यसरी वर्णनात्मक संवादात्मक र आत्मपरक शैलीका साथै भाषाप्रयोगको नौलोपन, स्थायी अन्तरा र थेगो प्रयोगको नवीनता र विविध अलङ्कार एवं विम्वको प्रयोगको कारण यो लोकरामायण लोक सौन्दर्य चेतनाले ओतप्रोत बन्न पुगेको छ (न्यौपाने, पूर्ववत् पृ.९६ ।)

# अध्याय - पाँच

# उपसंहार तथा निष्कर्ष

आध्यात्म रामायणलाई आधार बनाएर आदिकवि भानुभक्तले लेखेको रामायण भानुरामायण आयामका दृष्टिले आध्यात्म रामायणको आकारको सापेक्षतामा पक्कै पनि रहन सकेको छैन । तथापि नेपालीको मानसिकतालाई भक्तिभाव तर्फ डोहोऱ्याउनका लागि भक्तिधारा अन्तर्गतको राम भक्तिधारामा लेखिएको त्रेतायुगका मर्यादा पुरुष पुरुषोत्तम श्रीरामको जीवन गाथालाई समेटिएको रामायणलाई मौलिकता प्रदान गर्दै नेपालीको गला-गलामा बास बसाउँदै जसरी कलात्मकता प्रदान गर्ने सामर्थ्य भानुभक्तले राखे, त्यसबाट भानुभक्त आचार्यको कलात्मक शक्ति स्वतः सिद्ध भएको छ । संस्कृत भाषामा लेखिएको आध्यात्मिक कृतिलाई नेपाली लौकिक मौलिकता प्रदान गरेर श्रीरामको व्यक्तित्वलाई आजसम्म पनि जीवितता प्रदान गर्न सक्नु भानुभक्त आचार्यको कुशल सामर्थ्यप्रतीत सिद्ध भएको छ । जसरी नेपाली जनमानसमा रामायणले व्याप्ति पायो, रामको व्याप्ति रह्यो त्यसमा भानुभक्तको योगदान त्यत्तिकै छ । त्यसैगरी भानुभक्तलाई जीवित तुल्याउन युवाकवि मोतिराम भट्टले दिएको योगदान पनि नेपाली साहित्यका अनुरागीहरूका सामु एवं सम्पूर्ण लोकका सामू अतुलनीय नै सावित भएको छ ।

त्यसैगरी नेपाली लोकका गला-गलामा श्रुतिमधुरताका साथ आजसम्म लोपोन्मुख अवस्थामा आफ्नो प्राण धान्न सफल रहेको लोक रामायणको स्रोत पनि आखिर भानुरामायण नै हो । लामो समयसम्म लोक साहित्यका अनुरागीहरूको बाचन कौशलतामा (गायन) जीवित रहने सु-अवसर पाएको लोकरामायणलाई नेपाली लोक साहित्यका सर्जक एवं लोकसाहित्य प्रेमी कुशल व्यक्तित्व डा. कुसुमाकार न्यौपानेले प्रस्तुत गरे । जुन समयमा कुसुमाकर न्यौपानेले लोक साहित्यको जगेर्ना गर्ने मूल ध्येय बोकेर नेपालीका घर आँगनमा पाइला टेक्दै थिए सोही समयमा नेपाल गृहयुद्धको दलदलको भासमा नराम्रोसँग फसेको अवस्था थियो । नेपालीहरूले शान्ति अमनचयन जस्ता कुराहरू गुमाएको तत्कालिन समयमा न्यापानेले आफ्नो शारीरिक सुरक्षा कमजोर रहँदारहँदै पनि लोपोन्मुख अवस्थामा रहेको लोक रामायणलाई बचाउनुपर्छ भन्दै सोको संकलन गरे र लोक रामायणलाई प्रकाशन गरेर लोक साहित्यको संरक्षणमा इट्टा थप्न सफल भए । एउटा कुशल साहित्यको अध्येतामा

हुनुपर्ने धर्म निर्वाह गरेर लोक रामायणलाई जीवन्तता प्रदान गरेर डा. न्यौपाने प्रशंसाका पात्र बनेका छन् ।

जसरी भानुरामायणको मूल स्रोत अध्यात्म रामायण हो त्यसरी नै लोकरामायणको मूल स्रोत भनेको भानु रामायण हो । भानुभक्तले भानुरामायण प्रस्तुत गर्दा मौलिक लयमा विविध छन्दको सहारा लिएर उभिएका छन् भने लोकले स्वच्छन्द मौलिक लयको उपस्थापन गर्दै भानुरामायणलाई जीवन्तता प्रदान गर्दछ । अध्यात्म रामायणले ओगटेको आकारगत विस्तृतिका सापेक्षमा भानुरामायणको आफ्नो स्वरूप केही संकुचित भए जसरी महाकाव्यात्मक स्वरूपको भानुरामायणले ओगटेको विस्तृतिका सापेक्षमा लोकको श्रवणेन्द्रीयका जगमा टेकेर जीवित लोकरामायणको विस्तृति केही संकुचित हुनु स्वभाविक नै हो । यो विषयमा लोकले आफ्नो साहित्यिक सम्पत्तिलाई बचाएर राख्नु र न्यौपानेले लोकको सम्पत्तिलाई संरक्षण गर्नुमा लोक र न्यौपानेको महानता झल्केको छ । दुवै रामायणले सिङ्गो त्रेतायुगका सभ्यताको उजागर गर्दै उक्त सभ्यता प्राप्तिका क्रममा नाश भएका कुसंस्कारको उजागर गरेका छन् । साथै सोही अभियानका महानायकका रूपमा मानवरूपी भगवान श्रीरामको महिमा गाइएको छ । तर भानुरामायण र लोकारमायणमा गायन प्रक्रिया भने स्पष्टत फरक छ । भानुरामायणमा विविध वर्णमात्रिक छन्दको प्रयोग गरिएको छ भने लोकरामायणमा जातीय छन्दमध्येको सुप्रसिद्ध छन्द सवाइ छन्दको प्रयोग गरिएको छ । यी दुवै रामायणमा भेटिने तात्विक पृथक्ता जन्य फरक शैली नै यही हो ।

भानुरामायणमा प्रस्तुत गरिएका मुख्य पात्र, प्रमुख सहायक पात्र र गौण पात्र एवं मानवीय साथै मानवेतर पात्रहरूको प्रयोग भए जसरी नै लोक रामायणमा पनि प्रमुख पात्र, प्रमुख सहायक पात्र र गौण पात्र एवं मानवीय पात्र तथा मानवेतर पात्रहरूको समानान्तर रूपमा प्रयोग गरिएको छ । दुवै रामायणको मुख्य कथानक एउटै छ । देश काल परिवेशमा पनि कुनै भिन्नता देखिएको छैन । शैलीका दृष्टिले हेर्दा भानुरामायणमा वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग गरिएको छ । भने लोक रामायणमा पनि त्यसरीनै वर्णात्मक तथा संवादात्मक दुवै शैलीको प्रयोग गरिएको छ । दुवै रामायणमा प्रयोग भएका पात्रको भूमिकामा पनि खासै अन्तर देखिएको छैन । भानुरामायणमा कुनै-कुनै काण्डमा मंगलाचरण बाट कथावस्तुलाई शुरु गरिएको छ भने लोकरामायणमा रामगान गरेर कथावस्तुको उठान गरिएको छ ।

भानुरामायण र लोकरामायणमा विभिन्न विषयहरूमा सामाञ्जस्य रहदारहँदै पनि कुनै कुनै ठाउँमा असामञ्जस्य भेटिन्छ । भानुरामायण र लोकरामायणमा देखिएका सामान्य भिन्नतालाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

**लयगत भिन्नता** : भानुरामायणमा विविध लय तथा छन्द जस्तै शार्दूलविक्रीडित छन्द, : वंशस्थ छन्द, शिखरिणी छन्द, बसन्ततिलका छन्द, मन्दाक्रान्ता छन्द र उपजाति छन्दको प्रयोग भएको छ भने लोकरामायणमा सवाई छन्दको प्रयोग गरिएको छ ।

**पात्रगत भूमिकामा भिन्नता** : भानुरामायणमा रामका मीत सुग्रीव हुन् भने लोक रामायणमा हनुमानका मीत सुग्रीव हुन् । परन्तु यसबारे विस्तृतिकरण भने लोकरामायणमा गरिएको छैन ।

**रामको मृत्युको प्रसङ्ग** : भानुरामायणमा भगवान् श्रीराम अप्रत्यक्ष रूपमा चतुर्भुज विष्णुको स्वरूपमा प्रवेश गर्छु भनेर स्वयं श्रीरामले नै आफ्नो भाव व्यक्त गरेका छन् भने लोक रामायणमा प्रत्यक्ष रूपमा श्रीरामको मृत्यु देखाइएको छ ।

**लक्ष्मणको मृत्युको प्रसंङ्ग** : भानुरामायणमा लक्ष्मणको प्रत्यक्ष मृत्युको प्रसङ्ग उल्लेख गरिएको छ भने लोकरामायणमा लक्ष्मणको प्रत्यक्ष मृत्युको भाव उल्लेखित छैन ।

**सेतु बन्धको प्रसङ्ग** : भानुरामायणमा नदीमा श्रीरामले वाण प्रहार गर्दा नदी स्थिर रहेको र नदीमा सेतु बनाएर बानर फौजहरू नदी तर्न सफल भएका छन् भने सुग्रीव अङ्गद माथि चढेर र राम हनुमान माथि चढेर समुन्द्र तरेको प्रसङ्ग उल्लेख गरिएको भएपनि लोक रामायणमा समुन्द्र कसरी तरेर लङ्कामा प्रस्थान गरे भनेर उल्लेख गरिएको भए पनि तर फर्कंदा भने सीता, सुग्रीव, लक्ष्मण हनुमान, राम, विभिषण अङ्गदमा चढेको र हनुमान पुष्पक विमानमा चढेको भनेर उल्लेख गरिएको छ । अयोध्या फर्कदाको विवरणमा भानुरामायणमा सवै पुष्पक विमानमा चढेर अयोध्या फर्केको कुरा उल्लेख गरिएको छ ।

**उत्तरकाण्ड प्रस्तुतिमा भिन्नता :** भानुरामायणको उत्तरकाण्डमा रावणादि राक्षसहरूको पूर्वचरित्र , राक्षसहरूले राज्य स्थापना गरेको विवरण जस्ता पक्षलाई विस्तृत रूपमा वर्णन गरिएको छ भने लोक रामायणमा रावणले राज्य स्थापना गरेको प्रसङ्ग आंशिक रूपमा मात्रै उल्लेख गरिएको छ ।

**उपशीर्षक चयनमा भिन्नता :** भानुरामायणका सवै काण्डमा घटेका घटनाहरूलाई सामान्य रूपमा प्रसंग परिवर्तन भएको अवस्थामा उपशीर्षकको रूपमा प्रष्ट पारिएको छ भने लोकरामायणमा काण्डगत शीर्षक बाहेक अन्य उपशीर्षकको प्रसङ्ग परिवर्तनलाई संकेत गरिएको छैन । (जस्तै : भानुरामायण : बालकाण्ड-१. माहात्म्य २. रामहृदय ३. भारपीडित पृथ्वी ब्रम्हादि भाठौं जानु र भगवान् उनको प्रार्थनाले प्रकट भएर उनलाई धैर्य दिनु, ४. भगवान्को जन्म र बाललीला ५. विश्वामित्रको आगमन, - राम र लक्ष्मण उनका साथ जानु : ताडका मार्नु ६. मारीच र सुबाहुको दमन तथा अहिल्योद्वार ७. धनुषभङ्ग र विवाह ८. परशुरामजीसँग भेट-उनको विन्ती)

**कृतिको आकारमा भिन्नता :** भानुभक्तको रामायणको विस्तृति लोकरामायणको तुलनामा व्यापक छ, भानुरामायणमा लगभग १३ सय श्लोकमा संरचित छ भने भानुरामायण को तुलनामा लोकरामायण आकारको दृष्टिले केही संकुचित छ । लोकरामायण करिब ४५० श्लोकमा संरचित छ ।

माथि उल्लेख गरिएका भानुरामायण र लोक रामायणका भिन्नताहरू भएपनि यी भिन्नताहरू खासै अस्वभाविक छैनन् । आकारका दृष्टिले भानुरामायण भन्दा लोकरामायण केही सानो हुनु स्वभाविक नै हो । किनभने आध्यात्म रामायणको अनुवाद गर्दा भानुभक्त माथि रामायणलाई थपघट गर्ने जुन अधिकार थियो तर पनि आध्यात्मा रामायणको तुलनामा भानुरामायण आकारका दृष्टिले सानै भयो तर लोक साहित्यका संवाहकले जुन रूपमा रामायण गायन गरे सो भन्दा अनेक विश्लेषण गरेर ठूलो देखाउन डा.कुसुमाकर न्यौपानेलाई नैतिक अधिकार थिएन । न्यौपाने आफूले पूर्ण रूपमा नैतिकताको सीमालाई स्वीकार गरे, आफूले अनुसन्धान गरेको लोकरामायणलाई यथार्थ जस्ताको तस्तै प्रस्तुत गरेर पुस्तकाकार कृति दिए । त्यो लोक साहित्यका कुशल अन्वेषकको धर्म हो । एक कुशल अन्वेषक एवं

लोक साहित्यका संरक्षकको दायित्वको दायरालाई पालना गरे न्यौपानेले । त्यसैले लोकरामायणलाई आकारमा ठूलो देखाएनन् लोकको सम्पत्तिलाई जस्ताको तस्तै जीवन्तता प्रदान गरे त्यो नै डा.कुसुमाकर न्यौपानेको शक्ति हो, नेपाली लोक साहित्यप्रतिको त्याग हो ।

जेहोस् नेपाली साहित्यको भण्डारमा लोकरामायण कृति प्रकाशन भएर लोक साहित्य एवं नेपाली साहित्यको सिंढी अझै माथि उठ्न सफल भयो । भानुरामायणको मूल स्रोत अध्यात्म रामायण भए जस्तै लोकरामायणको मूल श्रोत अन्ततः भानुरामायण नै हो । लोकले रामायणलाई आफ्नो गलामा बसाउने सन्दर्भमा रामायणका कुनै प्रसङ्ग लोकका साहित्यका संवाहकको विस्मृतिमा परे होलान्, कुनै कुरा रामायणलाई जीवन्तता दिनको लागि सामान्यत परिवर्तित भए होलान, शब्दमा अन्तर होला, जन जिब्रोले गुञ्जाउनका लागि रामायणको छन्द परिवर्तित हुनुजस्ता कुराहरू अस्वभाविक हुँदै होइनन् । लोकले लामो समयसम्म लोक रामायणलाई आफ्नो गलामा बास बसाएर उल्लेख्य काम गऱ्यो भने सोही लोपोन्मुख रामायणलाई डा. न्यौपानेले पुस्तकाकार कृतिमा परिणत गरेर लोकरामायणलाई अमर तुल्याएको कुरालाई हामीले कमजोर आँक्न मिल्दैन र भानुरामायण र लोकरामायण दुवै प्रभावकारी छन् । दुवैको समान योगदान छ । दुवै नेपाली साहित्यका सम्पत्ति हुन् । जसरी भानुभक्तले रामायणलाई नेपाली लोकलयमा प्रस्तुत गरेर अमर तुल्याए त्यसरी नै डा. कुसुमाकर न्यौपानेले पनि लोपोन्मुख अवस्थामा रहेको लोकरामायणलाई अमर तुल्याएका छन् । यी दुवै सर्जक एवं संरक्षकले रामायण मार्फत नेपाली साहित्यलाई प्रदान गरेको योगदान सराहनीय नै छ । यी दुवै कृति समान रूपमा प्रभावकारी छन् । कुनै पनि अनुसन्धानकर्ताले फरक-फरक कोणबाट अध्ययन गरेर कुनै बढी प्रभावकारी र कुनै कम प्रभावकारी भनेर नजर अन्दाज गर्नु उपयुक्त नहोला । त्यसैले भानुरामायण र लोकरामायणलाई एउटै आँखाले हेर्नु नै दुवै रामायणप्रति सादृश्य न्याय हुन जान्छ ।

अस्तु :

# सन्दर्भग्रन्थ सूची


- अधिकारी, पूर्णप्रसाद (२०६६), 'नेपाली लोकसाहित्यको सुन्दर कृति', मिर्मिरे, काठमाण्डौं : नेपाल राष्ट्र बैंक ।
- आचार्य, बाबुराम, तुलनात्मक सुन्दरकाण्ड (२०६३ : तेस्रो सं) काठमाण्डौं : साझा प्रकाशन ।
- आचार्य, कृष्णप्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६४ वि.सं. ।
- आचार्य, भानुभक्त, असली ठूलो रामायण (?) बम्बई पुस्तक भवन, वाराणसी ।
- आई. टी. मेयर्स, ए स्टडी अफ इपिक डेभलपमेन्ट : इन्ट्रोडक्स लण्डन : ( ? ) १९२८ ।
- एम्बर क्रम्बे, द इपिक इन एस्से, चौथो संस्करण, म्याकमिलन एण्ड कम्पनी, १९६० ।
- एस.एच.स्टिनवर्ग (सम्पादक), इन्साइक्लोपेडिया अफ लिटेरेरी टर्म : १९९५ ।
- गैरे, ईश्वरीप्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, कीर्तिपूर : न्यू हिरा बुक्स इन्टर प्राइजेज : २०६० ।
- गौतम लक्ष्मणप्रसाद (२०६६), 'लोक साहित्यको अनुपम कति', (मातृभूमि-पृष्ठ : ६५), हेटौंडा : मातृभूमि साहित्य समाज ।
- थापा, मोहन हिमांशु, साहित्य परिचय, दो.सं., काठमाडौं : साझा प्रकाशन, २०४२ ।
- दण्डी, काव्यदर्श, दोस्रो संस्करण, वाराणसी : चौखम्बा विद्याभवन, २०४८ ।
- देवकोटा, लक्ष्मीप्रसाद, सुलोचना (भूमिका) आठौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०४६ ।
- न्यौपाने, कुसुमाकर, लोक रामायण (२०६५ : पहिलो प्रकाशन), काठमाडौँ : लेखकस्वयं ।
- नागेन्द्र र महेन्द्र चतुर्वेदी (अनुवादक) अरस्तुका काव्यशास्त्र, नयाँ दिल्ली : हिन्दी अनुसन्धान परिषद्, १९८१ ।
- नागेन्द्र, अरस्तुका काव्यशास्त्र (भूमिका), चौथो संस्करण, नयाँ दिल्ली : हिन्दी अनुसन्धान परिषद् ई १९८१ ।
- भामह, काव्यालङ्कार, द्धितीय संस्करण, वाराणसी : चौखम्वा संस्कृत सदन, २०३८ ।
- मिश्र, भागीरथ, काव्यशास्त्र, वाराणसी : विश्वविद्यालय प्रकाशन : २०४७ ।
- रुद्रट, काव्यालङ्कार, दोस्रो संस्करण, वाराणसी : चौखम्बा प्रकाशन : २०३२ ।

- लामिछाने, बुनू, सुलोचना महाकाव्यको विश्लेषण, काठमाण्डौँ : बुनू लामिछाने २०५८ ।
- विश्वनाथ, साहित्यदर्पण, (व्याख्याकार सत्यव्रतसिंह), वाराणसी : चौखम्बा विद्याभवन, ई १९६३ ।
- शर्मा, गोपीकृष्ण, संस्कृत साहित्यको रूपरेखा, २०५६ (दो.सं.), काठमाण्डौँ : अभिनव प्रकाशन ।
- सी.एम. बाबरा, फ्रम भर्जिल टू मिल्टन, लण्डन : १९४५ ई ।
- सम, बालकृष्ण, चिसो चूल्हो (भूमिका), ललितपुर : साझा प्रकाशन, २०१५ ।
- त्रिपाठी वासुदेव र (अन्य) (सं), नेपाली कविता (भाग ४), ललितपुर : साझा प्रकाशन, २०४६ ।
- त्रिपाठी वासुदेव, “महाकाव्य बूढो पुरानो साहित्यिक विधा,” प्रज्ञा, वर्ष १, अङ्क १, काठमाडौँ : ने.रा.प्र.प., २०२७ ।
- श्रेष्ठ, दयाराम, प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा, काठमाण्डौँ : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. २०३८ ।